राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ४, साउन २३ गते शुक्रबार, २०८२ (8 August, 2025) | www.janajibro.com | मूल्य रू. १०।-

# नेतृत्वको विकल्पबारे कुरै उठेन : सापकोटा

## •स्थायी समितिको बैठक सम्पन्न •शर्माले माइन्युटमा हस्ताक्षर गर्ने •विप्लवहरूसँग एकता हुने

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) भित्र पार्टीको मूल नेतृत्व परिवर्तनबारे व्यापक आवाज उठिरहेको भनेर केही सञ्चार माध्यम तथा सामाजिक सञ्जालहरूमा प्रचारबाजी भइरहे तापनि सो पार्टीभित्र मूल नेतृत्वका रूपमा अध्यक्ष प्रचण्डको विकल्प खोज्नुपर्छ भन्दै कुनै पनि नेता र कार्यकर्ताले कुरै नउठाएको नेताहरूले बताएका छन् ।

राजधानीको कोटेश्वर, पेरिसडाँडास्थित केन्द्रीय कार्यालयमा शुक्रबार सुरु भई हालै सम्पन्न स्थायी समितिको बैठकमा बोल्ने सवै नेताले वर्तमान नेतृत्वलाई नै सबल र सुदृढ बनाएर अघि बढ्नुपर्ने धारणा व्यक्त गरे । बैठकमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' द्वारा प्रस्तुत प्रस्तावमाथि धारणा राख्ने सवै नेताले नेतृत्वलाई बलियो र पार्टीलाई थप एकताबद्ध बनाउनुपर्नेमा जोड दिइरहेका छन् । स्थायी समितिको बैठकले पार्टीभित्र सवै किसिमका गुटबन्दी अन्त्य गर्ने सामूहिक संकल्प र प्रतिबद्धता गरेको अध्यक्ष प्रचण्डको भनाइ छ ।



स्थायी समितिको बैठकपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै अध्यक्ष प्रचण्डले पार्टीलाई एकताबद्ध पार्दै फेरि जनतामा जाने र मुलुकमा देखिएका बेथितिविरुद्ध आन्दोलन गर्ने निर्णय गरेको बताएका हुन् । 'संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउनका निम्ति सिंगो मुलुकलाई एकताबद्ध पार्न र अब आउने चुनौतीलाई जिम्मेवारीपूर्वक पूरा गर्न पार्टी एकताबद्ध भएको निष्कर्ष बैठकले निकालेको छ'- प्रचण्डले भने ।

पार्टी नेतृत्वका रूपमा अध्यक्ष प्रचण्डको विकल्प खोज्नुपर्ने मत बैठकमा कसैले पनि नराखेको जानकारी उपाध्यक्ष तथा प्रवक्ता अग्निप्रसाद सापकोटाले दिए । 'बैठकमा नेतृत्वको विकल्प खोज्नेबारे कसैले पनि बोल्नुभएको छैन, बरु स्थायी

क्रमशः अन्तिम पृष्ठमा

# बहुविवाह खोल्ने कानुनबारे जवाफ माग : सरकारी मस्यौदाको सर्वत्र निन्दा

**काठमाडौं ।** कानुनी रूपमै बहुविवाहको ढोका खोल्ने गरी ओली सरकारले गर्न लागेको नयाँ व्यवस्थाप्रति सर्वत्र चर्को निन्दा र विरोध भएको छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले बहुविवाहलाई कानुनी मान्यता दिनेगरी सरकारले अघि बढाएको विवादित संशोधन मस्यौदाबारे सरकारको जवाफ माग गरे ।

बैठकको शून्य समयमा बोल्दै सांसदहरूले बहुविवाहलाई छुट दिने गरी कानुन बन्नु नहुने भन्दै सरकारी प्रयासप्रति खेद प्रकट गरे । बहुविवाहसम्बन्धी प्रस्ताव महिला अधिकारको मर्मविपरीत रहेको तथा लैङ्गिक हिंसाको मुहान बन्ने भन्दै सांसदहरुले यो प्रस्ताव तुरुन्त फिर्ता गर्न माग गरेका छन् ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का मुख्य सचेतक हितराज पाण्डेले बहुविवाहबारे सरकारको धारणा के हो सदनलाई जवाफ दिनुपर्ने बताए । यथाशीघ्र महिला समन्वय समितिको गठन गर्न समेत उनले माग गरे । मुलुकी अपराधसंहिता, २०७४ ले बहुविवाहलाई पूर्ण निषेध गरेको छ । तर, अपराधसंहिताको दफा १७५ संशोधन गरी बहुविवाहलाई निश्चित परिस्थितिमा छुट दिने गरी मस्यौदा बनेकोप्रति सांसदहरूले आपति जनाएका हुन् ।

मुलुकी अपराधसंहितामा संशोधन गरी बहुविवाहलाई निश्चित परिस्थितिमा छुट दिने कानुन ल्याउनु नहुने तर्क प्रस्तुत गर्दै सांसद शान्ति विकले सरकारलाई प्रश्न गरिन्- 'घुमाउरो भाषामा बहुविवाहलाई मान्यता दिने कानुन निर्माण गर्न खोजिएको हो ? एकलाई हक दिँदा अर्कोको खोसिँदैन ?'

बहुविवाहलाई मान्यता दिने मस्यौदाप्रति आपत्ति जनाउँदै सांसदहरु शेरबहादुर कुवँर, सुशीला सिर्पाली ठकुरी, शान्ति श्रेष्ठ, शोभा ज्ञवाली, सूर्यमान तामाङ दोङ, ज्ञानु बस्नेत सुवेदी र शान्ति चौधरीले उक्त व्यवस्थाले संविधानप्रदत हकको हनन गर्ने बताए । 'यतिबेलासम्म सरकार मौन बस्नु लज्जास्पद हो' भन्दै यसले सरकार सामाजिक र सांस्कृतिक कुरीतिको पक्षमा उभिन खोजेको स्पष्ट हुने सांसद सुवेदीले उल्लेख गरिन् । बहुविवाहको छुट पाउने विधेयकलाई महिला समानता र संविधानप्रदत्त अधिकारमाथिको कुठाराघात भन्दै जनता समाजवादी पार्टीकी सांसद सुशीला श्रेष्ठले बहुविवाहलाई कानुनी मान्यता दिन लागेकामा कडा आपत्ति प्रकट गरिन् । 'पहिलो पत्नीसँग मन मिलेन भने सम्बन्ध-विच्छेद गरेर अर्को बिहे गरे भइहल्यो, त्यो अधिकार छँदैछ । बहुविवाह गर्न पाउने कानुन संविधानको मर्म, भावना र संयुक्त राष्ट्रसंघको महासन्धिविरुद्ध ठूलो प्रहार हो'- उनले थपिन् । प्रस्तावित विधेयकले सम्पूर्ण महिलालाई चुनौती दिने कार्य भएको र महिलाहरूले डटेर त्यसको विरोध गर्ने बताउँदै प्रतिनिधिसभाभित्र गठन हुनुपर्ने महिला समन्वय समितिको गठन

क्रमशः अन्तिम पृष्ठमा

# लेनिनकृत 'के गर्ने ?' सारांश र विश्लेषण– २

यहाँ गोपनीयता केन्द्रमा थियो तर त्यसको काम र प्रभाव सम्पूर्ण समाजमा फैलिएको थियो । लेनिनको तर्क अनुसार वास्तविक जनवाद आपसमा चुनावको खेल खेलिरहनु होइन, बरु वास्तविक जनवाद भनेको आम जनतालाई तानाशाही व्यवस्थाबाट मुक्ति दिलाउनमा कति सफल हुन्छौं भन्ने हो । र, यो सफलताको लागि एउटा यस्तो सङ्गठन आवश्यक हुन्छ, जुन प्रभावकारी होस् र जसले दुश्मको विरुद्ध सङ्घर्ष गर्न सकोस् । भलै त्यो सतहमा अलोकतान्त्रिक नै किन नदेखियोस् ।

यद्यपि देशभरी फैलिएको यस्तो सङ्गठनको अलग-अलग हिस्सामा कसरी तालमेल मिलाउन सकिन्छ ? एउटा सानो शहर वा गाउँमा काम गर्ने क्रान्तिकारी र ठूला शहरमा बस्ने नेताहरूको बीचमा सम्पर्क कसरी हुन्छ ? विशाल देशमा छरप्रष्ट आन्दोलनलाई एक राष्ट्रिय आन्दोलनमा कसरी परिवर्तित गर्न सकिन्छ ? अब यी सम्पूर्ण प्रश्नको वरिपरि रहेर लेनिन आफ्ना महत्त्वपूर्ण विचारलाई अगाडि बढाउँछन् ।

**समय- सन्देश**

**नारायण गिरी**

### स्थानीय र अखिल-रूसी कार्यको दायरा

साना-साना आन्दोलनहरूबाट एउटा विशाल युद्ध कसरी जित्न सकिन्छ ? अब लेनिन व्यवहारिक समस्यातिर अगाडि बढ्छन् । यो त्यसबेलाका रूसी क्रान्तिकीहरूका लागि एक पर्वत जसरी नै उपस्थित भएको थियो । यो स्थानीय काम र अखिल रुसी कामको बीचमा तालमेल कसरी कायम राख्ने भन्ने समस्या थियो । रूस हजारौं शहर र गाउँ भएको एक विशाल देश हो । त्यहाँका हरेक ठाउँमा क्रान्तिकारीहरू साना-साना समूहमा काम गरिरहेका थिए । कुनै समूह मस्कोमा सक्रिय थिए, कुनै सेन्ट पिटर्सबर्गमा, कुनै साइबेरियाको कुनै औद्योगिक शहरमा सक्रिय थिए । तिनीहरू सबै आ-आफ्ना ठाउँमा मजदुरहरूलाई सङ्गठित गर्ने, पर्चा बाँड्ने, हड्ताल गराउने प्रयास गरिरहेका थिए । यो सबै स्थानीय

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- ४, साउन २३ गते शुक्रबार, २०८२

## सम्पादकीय

# जनधनको रक्षा गर खाद्य भण्डारको सुरक्षा गर

यसपालिको वर्षायाम सुखद् रहेन। अधिकाङ्श स्थानका किसानहरूले उपयुक्त समयमा रोपाइँ गर्न सकेनन्। कतै ब्याडमै बीऊ फुल्ने त कतै रोपो सुकेर खेत चिराचिरा पर्ने अवस्थाले मुलुकमा भोकमरी निम्त्याउने त्रास अहिल्यै फैलिइसकेको छ। बरु गतवर्षको बाढीपहिरोले क्षतिग्रस्त सडक, अन्य संरचना र जनताको घरबास पुनर्निर्मित हुन नसकिरहेकै बेला थप क्षति बढिरहेको छ।

कतै बाढीपहिरोले विनास निम्त्याइरहेको छ। कतै वर्षे खडेरीका कारण किसानहरू रोइरहेका छन्। तर, सरकार र मन्त्रीहरू हेलिकप्टरमा शयर गर्छन्, 'निरीक्षण' गर्छन् र फोस्रा 'आदेश' दिन्छन्; राजधानीका तारे होटलमा भव्य 'सेमिनार' गरेर बाढिपहिरो र खडेरीको 'प्रतिरोध' गर्छन्। सधैं नै चल्दै आएका यसखाले नालायकीपन यसपालि पनि दोहोरियो; जो अपेक्षित नै थियो, किनकि नालायक शासकहरू भएका देशहरूमा हुने नै यस्तै हो।

प्राकृतिक प्रकोप र मौसमी विपतहरूको त्यति धेरै निराकरण गर्न त सकिँदैन नै तर विवेकी, योग्य र सक्षम नेतृत्व भएको अवस्थामा धेरै हदसम्म न्यूनीकरण गर्न सकिन्छ। कम्तिमा उद्दार, राहत र पुनर्स्थापनाको काम त मनग्गे नै गर्न सकिन्छ। राज्यका स्रोत-साधन, उपलब्ध प्रविधि र विवेकले भ्याएसम्म जनधनको रक्षा गर। खेतीयोग्य जमिनमा रोपाइँ हुन नसकेको र भइसकेपछि पनि सिँचाइको अभावमा बढिरहेको सुख्खापनको यथासक्य उपचार गर !

## लेनिनकृत...

कार्य थियो। तर यो सबै तितरवितर थियो। एउटा शहरका क्रान्तिकारीहरूलाई अर्को शहरको क्रियाकलापको कुनै खास खबर हुँदैनथ्यो। उनीहरूको आन्दोलन फरक-फरक थियो। तिनीहरू साना-साना झिल्का थिए। तिनीहरू मिलेर एक विशाल आगो बन्न सकिरहेका थिएनन्।

लेनिनका विरोधी अर्थवादी यही स्थानीय काममा सबभन्दा बढी जोड दिन्थे। उनीहरूको मान्यता अनुसार हामीले केवल आ-आफ्नो इलाकामा मजदुरहरूको आर्थिक आन्दोलनमा उनीहरूलाई सहयोग गर्नुपर्छ। अखिल रूसी स्तरमा कुनै विशाल सङ्गठन वा विशाल राजनीतिक आन्दोलनको कुनै खास आवश्यकता छैन। उनीहरूका अनुसार स्थानीय काम नै वास्तविक काम हो, बाँकी सबै हवाई कुरा हुन्।

यद्यपि लेनिनले यसलाई आन्दोलनको धेरै खतर्नाक सोच बताए। उसले बुझाए, यदि हामी केवल स्थानीय आन्दोलनमा मात्र अल्झिरह्यौं भने हामीले कहिल्यै पनि जारको केन्द्रीकृत र शक्तिशाली सत्तालाई चुनौती दिन सक्नेछैनौं। जारको सरकार सम्पूर्ण रूसको शक्ति हो। उसका पुलिस, सेना, कानूनले सम्पूर्ण देशमा एकसाथ काम गर्छन्। यो सम्पूर्ण शक्तिसँग सङ्घर्ष गर्नको लागि हामीलाई पनि अखिल रूसी सङ्गठन र एक अखिल रूसी रणनीतिको आवश्यकता हुन्छ। हामी अलग-अलग शहरमा साना-साना आन्दोलन जितेर विशाल लडाइँ जित्न सक्दैनौं। हामीले यी सबै साना-साना आन्दोलनहरूलाई एक विशाल राष्ट्रिय आन्दोलनको धारामा सामेल गर्नुपर्छ।

यसलाई एउटा सैन्य उदाहरणबाट बुझ्न सकिन्छ। मानौं, एउटा देशमा दुश्मनले आक्रमण गरेको छ। त्यो देशको हरेक गाउँ र शहरमा मानिस आ-आफ्ना साना-साना सेनाको समूह बनाएर दुश्मनसँग सङ्घर्ष गरिरहेका छन्। उनीहरू धेरै बहादुर छन् तर उनीहरूको कुनै आपसी तालमेल छैन। एउटा गाउँ सङ्घर्ष गर्दागर्दै पराजित हुन्छ। त्यसपछि अर्को पनि यसैगरी पराजित हुन्छ। किनकि दुश्मनका सेना सङ्गठित छन् र यिनीहरू छरिएका छन्। अब एउटा चलाख सेनापति आउँछ र भन्छ, यसरी त काम चल्दैन। हामीले यी सबै साना-साना सैन्य समूहलाई मिलाएर एक राष्ट्रिय सेना बनाउनुपर्छ। हाम्रो एक साझा कमाण्ड हुनेछ, एक साझा रणनीति हुनेछ र हामी एकसाथ दुश्मनमाथि आक्रमण गर्नेछौं।

लेनिन तिनै चलाख सेनापति थिए। उनी भनिरहेका थिए, मस्कोका मजदुरहरूको सङ्घर्ष र अन्य शहर तथा सङ्घर्ष छुट्टै होइन। यो एकै आन्दोलनका दुई मोर्चा हुन्। हामीले यी दुवैलाई मिलाउनुपर्छ। हामीले एउटा यस्तो सङ्गठन बनाउनुपर्छ, जसको सञ्जाल सम्पूर्ण रूसमा फैलियोस् र जसले हरेक स्थानीय सङ्गठनलाई राष्ट्रिय सन्दर्भ प्रदान गर्न सकोस्। लेनिनको तर्क अनुसार हाम्रो काम स्थानीय मात्र रहुन्जेलसम्म हामी राजनीतिक रूपले पनि पिछडिनेछौं। एउटा स्थानीय कार्यकर्ता बढीभन्दा बढी आफ्नो कारखानाको मालिक वा आफ्नो शहरको मेयरको विरुद्ध मात्र सोच्न सक्नेछ। उसले कहिल्यै पनि सम्पूर्ण देशलाई प्रभावित गर्ने नीति, जारका मन्त्रीहरूको निर्णय वा अन्तर्राष्ट्रिय घटनाहरूको बारेमा सोच्न सक्ने छैन। उसको दृष्टिकोण सङ्कीर्ण रहनेछ।

यद्यपि एक अखिल रूसी सङ्गठनको हिस्सा बनेपछि भने उसलाई सम्पूर्ण देशको खबर प्राप्त हुनेछ। अलग-अलग ठाउँमा दमनका के-के रूप छन् र सरकारी नीतिले कसरी सम्पूर्ण देशलाई प्रभावित गरिरहेको छ भन्ने कुरा उसलाई थाहा हुनेछ। त्यसपछि उसको चेतनाको स्तर वृद्धि हुनेछ। ऊ केवल एक स्थानीय कार्यकर्ता मात्र रहनेछैन, बरु एक राष्ट्रिय स्तरको राजनीतिक नेता बन्ने दिशामा अगाडि बढ्नेछ। उसले वास्तविक सङ्घर्ष स्थानीय मामिलाहरूसँग नभएर सेन्ट पिटर्सबर्गमा बसेको केन्द्रीय सत्तासँग हो भन्ने कुरा बुझ्नेछ। यसरी अखिल रूसी कार्यले सङ्गठनलाई मात्र बलियो बनाउने होइन, यो कार्यकर्ताहरूको राजनीतिक प्रशिक्षण र विकासको लागि पनि आवश्यक हुन्छ। स्थानीय समस्याहरूको सम्बन्ध राष्ट्रिय नीतिसँग हुन्छ। लेनिनका अनुसार स्थानीय सक्रियता धेरै आवश्यक हुन्छ। यो जग हो तर यो जगमा एक अखिल रूसी अर्थात् एक राष्ट्रिय भवन खडा गर्नुपर्छ। हामीले स्थानीय मुद्दालाई राष्ट्रिय मुद्दासँग मिलाउन सिक्नुपर्छ।

अब यहाँ एउटा महत्त्वपूर्ण प्रश्न अगाडि आउँछ। संचारका साधन यति धेरै पिछडिएको, हरेक ठाउँमा पुलिसको पहरा भएको एउटा विशाल देशमा एउटा अखिल रूसी सङ्गठन कसरी बनाउन सकिन्छ ? साइबेरियादेखि लिएर मस्कोसम्मका क्रान्तिकारीहरूलाई एकसाथ कुन जादूगरी धागोले बुन्नेछ। लेनिनले यसको धेरै भव्य जवाफ दिए। उनले एउटा औजारको प्रस्ताव राखे, जुन एक औजार मात्र नभएर एक सङ्गठनकर्ता पनि थियो। र, त्यो औजार एक अखिल रूसी राजनीतिक अखबार थियो। अब अगाडि लेनिन यही वरिपरि रहेर आफ्नो विषयलाई अगाडि बढाउँछन्।

### अखिल रूसी अखबार इस्क्राको भूमिका

एउटा अखबारले सूचना मात्र प्रवाह गर्दैन, त्यसले क्रान्तिमा महत्त्वपूर्ण भूमिकासमेत खेल्छ। लेनिनका अनुसार छरिएको आन्दोलनलाई एक राष्ट्रिय शक्तिमा परिवर्तित गर्नु अति आवश्यक हुन्छ। तर यो कसरी हुन्छ त ? सम्पूर्ण रूसमा फैलिएका क्रान्तिकारीहरूलाई एकसाथ कसरी मिलाउन सकिन्छ ? तिनीहरूलाई एकसमान वैचारिक तालिम कसरी दिन सकिन्छ र उनीहरूको काममा तालमेल कसरी गराउन सकिन्छ ? यो धेरै विशाल व्यवहारिक समस्याको लेनिनले जुन समाधान दिए, त्यो उनको रणनीतिक प्रतिभाको सबभन्दा महत्त्वपूर्ण प्रमाण हो।

लेनिनका अनुसार हामीलाई एक अखिल रूसी राजनीतिक अखवारको आवश्यकता हुन्छ। लेनिनले अखबारको कुरा गरिरहँदा उनी केवल समाचार छाप्ने एक कागजको कुरा गरिरहेका थिएनन्। उनका अनुसार यो अखबार एक जिउँदोजाग्दो चीज थियो। यो एकसाथ कयौं काम गर्नसक्ने औजार थियो। यो केवल प्रचारक र आन्दोलनकारी मात्र नभएर एक सामूहिक सङ्गठनकर्ता पनि थियो।

यो अखबारको पहिलो भूमिका सामूहिक प्रचारक थियो। लेनिन यो अखबार सम्पूर्ण देशको लागि एकै आवाज बनोस् भन्ने चाहन्थे। यो अखबार नियमित रूपले छापियोस् र गोप्य तरीकाले रूसको कुना-कुनासम्म पुगोस्। यसमा केवल स्थानीय मजदुरका हड्तालहरूको खबर मात्र हुनेछैन, यसमा सम्पूर्ण रूसमा भइरहेका हरेकप्रकारका अन्याय र दमनको भण्डाफोर गरिनेछ। यदि कतै विद्यार्थीलाई दमन गरियो भने यो अखबारले उनीहरूको कथालाई प्रकाशित गर्नेछ। यदि कुनै अल्पसङ्ख्यक समुदायमाथि अत्याचार भयो भने यो अखबार उनीहरूको आवाज बन्नेछ। यदि सरकारले कुनै नयाँ दमनकारी कानून बनायो भने यो अखबारले त्यसको धज्जी उठाउनेछ। यसको उद्देश्य मजदूर र आम जनतालाई उनीहरूका समस्या अलग-अलग नभएर उनीहरू एकै अत्याचारी व्यवस्थाका शिकार हुन् भन्ने देखाउनु थियो। यो अखबारले उनीहरूलाई एक ट्रेड-युनियनवादि चेतनाबाट उठाएर एक अखिल रूलस्सी राजनीतिक चेतनासम्म लिएर जानेछ। यसले उनीहरूको वास्तविक दुश्मन को हुन् भन्ने कुरा सिकाउनेछ। यसरी अखबारले वैचारिक रूपमा सम्पूर्ण आन्दोलनलाई एकसाथ बाध्ने काम गर्नेछ। यसले सबैलाई एकै भाषामा सोच्न सिकाउनेछ।

अखबारको दोस्रो भूमिका सामूहिक आन्दोलनकारी हुनु हो। एउटा प्रचारकको काम धेरै विचार केही मानिसहरूलाई गहिराईपूर्वक बुझाउनु हुन्छ तर एउटा आन्दोलनकारीको काम एकै विचारलाई धेरै मानिसहरूसमम्म पुऱ्याउनु हुन्छ। लेनिनको अखबारले यी दुवै काम गर्दथ्यो। कुनै गम्भीर घटना घट्ने वित्तिकै यो अखबारले तुरुन्तै एउटा स्पष्ट नारा दिन्थ्यो, अब हामीले के गर्नुपर्छ भन्ने एक दिशा दिन्थ्यो। उदाहरणको लागि यदि सरकारले कुनै दमनकारी कदम उठायो भने अखबारमा तुरुन्तै एउटा लेख छापिनेछ, जसमा सम्पूर्ण देशका मजदूरहरूले यो दिन विरोध प्रदर्शन गर्नुपर्छ भनेर लेखिएको हुन्छ। किनकि यो अखबार हरेक शहरमा अध्ययन गरिरहिएको हुन्छ। त्यसो हुँदा हरेक शहरका क्रान्तिकारी एकै दिन, एकै समयमा, एकै नारासँग सडकमा उत्रिनेछन्। यसबाट सरकारको होस गुम्नेछ। उसलाई यो कुनै स्थानीय र चानचुने घटना नभएर एक सङ्गठित र राष्ट्रिय स्तरको आक्रमण हो भन्ने लाग्नेछ। यसरी अखबारले छरिएका विरोध प्रदर्शनहरूलाई एक शक्तिशाली र संकेन्द्रित राष्ट्रिय आन्दोलनमा परिवर्तित गरिदिनेछ। त्यसले मानिसलाई आन्दोलन गर्नको लागि प्रेरित गर्नेछ।

अखबारको तेस्रो र सबभन्दा महत्त्वपूर्ण भूमिका सामूहिक सङ्गठनकर्ताको हो। यो लेनिनको सबभन्दा मौलिक विचार थियो। उनका अनुसार अखबार केवल विचारहरूलाई प्रवाह गर्ने माध्यम मात्र नभएर यो वास्तवमा सङ्गठन बनाउने एक ढाँचा हो। अखबार सञ्चालन गर्नको निमित्त धेरै चीज आवश्यक हुन्छ। लेख लेख्ने लेखक चाहिन्छ। के छाप्ने भन्ने कुरा तय गर्नको लागि सम्पादकीय मण्डल चाहिन्छ। गोप्य रूपमा काम गर्नसक्ने छापाखाना चाहिन्छ। र, सबभन्दा जरूरी छापिएका अखबारलाई देशका कुना-कुना पुऱ्याउनसक्ने, मजदूर र किसानहरूमा बाँड्ने र उनीहरूबाट चन्दा जम्मा गर्ने सदस्यहरूको आवश्यकता हुन्छ। लेनिनका अनुसार लेखक, सम्पादक र खासगरी अखबार पुऱ्याउने सदस्यहरूको सम्पूर्ण सञ्जाल नै हाम्रो सङ्गठन हो। यो अखबारले यो सञ्जालको लागि एक धूरीको काम गर्नेछ। साइबेरियाको सदस्यले मस्कोबाट आएको अखबार बाँडेपछि उसले आफूलाई एक अखिल रूसी आन्दोलनको हिस्सा महसुस गर्नेछ। उसले स्थानीय घटनाको रिपोर्ट लेखेर केन्द्रलाई पठाएपछि ऊ सङ्गठनसँग मिल्नेछ। यो अखबार एक लिफ्ट जस्तै हो, जसको सहायताबाट हामी वास्तविक र बलियो पार्टीको भवन बनाउन सक्छौं। आज केवल अखबार बाँडिरहेका सदस्य भोलि पेशेवर क्रान्तिकारी बन्नेछन्। उनीहरूले सम्पर्क बनाउन सिक्नेछन्, गोपनीयता कायम राख्न सिक्नेछन् र जनतालाई सङ्गठित बनाउन सिक्नेछन्। यसरी अखबार बनाउने र बाँड्ने प्रक्रिया नै सङ्गठन बनाउने प्रक्रिया बन्नेछ।

यो अखबारले वैचारिक एकता पनि ल्याउनेछ, राजनीतिक आन्दोलन पनि गर्नेछ र एक गोपनीय पेशेवर सङ्गठनको ढाँचा पनि तयार गर्नेछ। लेनिनको यो अखबारको नाम 'इस्क्रा' थियो, जसको अर्थ झिल्को हुन्छ। र, यसको नारा 'झिल्कोबाट नै ज्वाला बल्नेछ' भन्ने थियो। वास्तवमा यही 'इस्क्रा' ले नै त्यो सङ्गठनको जग राख्यो, जसले अगाडि बढेर रूसमा क्रान्ति सम्पन्न गऱ्यो। यसबाट के बुझिन्छ भने कुनै पनि विशाल आन्दोलनलाई एक एकीकृत तत्त्वको आवश्यकता हुन्छ; सबैलाई मिलाउन सक्ने एक यस्तो मञ्चको आवश्यकता हुन्छ। यसमा एक केन्द्रीय आवाज, एक स्पष्ट सन्देश र एक सञ्जाल हुनुपर्छ, जसले त्यो सन्देशलाई हरेक कुनासम्म पुऱ्याउन सकोस्।

यद्यपि अखबार निकालेर र सङ्गठन बनाएर मात्र चेतना पैदा हुँदैन। चेतना पैदा गर्नको लागि जनतालाई वास्तविकता देखाउनुपर्छ। दुश्मनको अनुहारबाट पर्दा उठाउनुपर्छ। यसलाई नै लेनिनले राजनीतिक भण्डाफोर भने। यो के हो र क्रान्तिकारी चेतनाको लागि यो किन आवश्यक छ ? अब लेनिन यही प्रश्नको वरिपरि रहेर विषयवस्तुलाई अगाडि बढाउँछन्।

### राजनीतिक भण्डाफोर र क्रान्तिकारी चेतनाको प्रशिक्षण

वास्तविकतालाई सामुन्ने ल्याउनु नै सबभन्दा महत्त्वपूर्ण हतियार हो। लेनिन अब यहाँ एउटा गहन प्रश्नमा आउँछन्। हामीले अखबार बनायौं र सञ्जाल पनि तयार भयो। तर यसमा के लेख्ने त ? मजदूरहरूमा आफ्नो ज्यालाको मात्र चिन्ता नभएर सम्पूर्ण देशलाई परिवर्तन गर्ने चेतना कसरी जागृत गर्न सकिन्छ ? लेनिन यसको उत्तर एक धेरै शक्तिशाली शब्दमा दिन्छन्, जसलाई राजनीतिक भण्डाफोर भनिन्छ। यो पुस्तकको केन्द्रीय विषय यही नै हो।

यो तरीकाबाट सामान्य मानिसलाई एक जागरूक र सक्रिय नागरिकमा परिवर्तित गर्न सकिन्छ। राजनीतिक भण्डोरको अर्थ समाजमा भएको हरेक प्रकारको अन्याय, अत्याचार, भ्रष्टाचार र दमनलाई जनताको सामुन्ने ल्याउनु हो। तर यो काम केवल खबरको रूपमा मात्र नभएर एक विश्लेषणसँगै गर्नुपर्छ। लेनिनको विरोधी अर्थवादीहरूका अनुसार मजदुरसँग केवल तिनै कुरामा मात्र छलफल गर्नुपर्छ, जुन प्रत्यक्ष रूपमा उनीहरूको कारखाना र आर्थिक जीवनसँग सम्बन्धित हुन्छ; जस्तो कि उनीहरूका मालिकहरूले उनीहरूलाई कसरी धोका दिए वा कारखानाको व्यवस्थापकले कसरी घुस लिन्छ ?

लेनिनका अनुसार यो धेरै आवश्यक छ र यसलाई आर्थिक भण्डाफोर भन्न सकिन्छ। तर यो पर्याप्त छैन। एक सच्चा क्रान्तिकारी वा समाजिक-जनवादीको काम योभन्दा धेरै बढी महत्त्वपूर्ण हुन्छ। उसले हरेकप्रकारको राजनीतिक भण्डाफोर गर्नुपर्छ, चाहे उसको सीधा सम्बन्ध मजदूरहरूसँग होस् वा नहोस्। जस्तोकि एउटा ट्रेड-युनियनको सेक्रेटरीले केवल सरकारले कारखाना मालिकलाई के जरिवाना लगायो भन्ने कुरामा मात्र रुचि राख्छ। तर एउटा क्रान्तिकारी समाजवादीले सरकारले कसरी क्रान्तिकारी विद्यार्थीलाई दमन गरिरहेका छ, कसरी उसले किसानको जमिन खोसिरहेको छ, कसरी भ्रष्ट अधिकारीले जनताको पैसा लुटिरहेको छ र कसरी पुलिस आधा रातमा कसैको पनि घरमा पस्छ जस्ता कुरामा रुचि लिन्छ।

क्रान्तिकारीको काम यी सबै घटनाको जानकारी सङ्कलन गर्ने र तिनीहरूलाई लिएर मजदूरहरूको बीचमा जाने हो। उसले मजदूरहरूलाई भन्नेछ, हेर्नुहोस् विद्यार्थीहरूको दमन, किसानहरूको शोषण, अल्पसङ्ख्यकहरूमाथि अत्याचार जस्ता सबै कुरा एकै सिक्काका अलग-अलग पक्ष हुन्। त्यो सिक्का जारको तानाशाही व्यवस्था हो। आज विद्यार्थीहरूमाथि दमन गर्ने यही सरकारले भोलि आफ्नो हकको लागि आवाज उठाउँदा तपाईंहरूलाई पनि दमन गर्नेछ। यसप्रकारको भण्डाफोरले मजदूहरूको आँखाबाट पर्दा हटाइदिन्छ। अब उनीहरू आफ्नो आन्दोलन केवल मालिकसँग मात्र नभएर सम्पूर्ण प्रणालीसँग हो भन्ने बुझ्न लाग्नेछन्।

लेनिनको तर्क अनुसार राजनीतिक चेतना हावाबाट आउँदैन। यो जनतालाई राजनीतिक जीवनको जीवन्त र ठोस उदाहरणबाट सिकाउनुपर्छ। एउटा मजदुरले देशको अर्को कुनामा कुनै लेखकले साँचो कुरा लेखेको कारणले गर्दा जेलमा हालियो भन्ने कुरा अध्ययन गरेपछि उसको मनमा एउटा प्रश्न उठ्छ। कुनै सरकारी मन्त्रीले करोडौंको घोटाला गरेको छ भन्ने थाहा पाएपछि ऊ धेरै असन्तुष्ट हुन्छ। पुलिसले बेकसूर जनतालाई लाठी बर्साइरहेको देखेपछि उसको हृदय डग्मगाउँछ।

यही क्षणमा नै उसको चेतनाको विकास हुन्छ। ऊ आफ्नो सानो संसारबाट बाहिर निक्लिन्छ र सम्पूर्ण देशको पीडालाई महसुस गर्न लाग्छ। उसले न्याय र अन्याय के हो भन्ने कुरा बुझ्न लाग्नेछ। यसलाई नै क्रान्तिकारी चेतनाको प्रशिक्षण भनिन्छ। यो कुनै कक्षाकोठामा हुँदैन। यो जीवनका ठोस उदाहरणहरूबाट प्राप्त हुन्छ। र, राजनीतिक भण्डाफोर भनेको यही उदाहरण जनताको सामुन्ने पेश गर्ने सबभन्दा शक्तिशाली तरीका हो।

लेनिनका अनुसार हामीले एक यस्तो जननेता बन्नुपर्छ, जसले हरेक

क्रमशः चौथो पृष्ठमा

# शिक्षा विधेयक सरकारले नै अड्कायो : माओवादी

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले विद्यालय शिक्षा विधेयक वर्तमान सरकारले नै अड्काएको आरोप लगाएको छ । बिहीबार राष्ट्रियसभागृहमा आयोजित माओवादी केन्द्र निकट अखिल (क्रान्तिकारी)को 'विद्यार्थीसँग कमरेड प्रचण्ड, शैक्षिक संवाद' कार्यक्रममा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुरुमा एमाले र कांग्रेसकै कारण विधेयक आउन ढिला भएको बताएका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले विद्यालय शिक्षा विधेयक वर्तमान सरकारले नै अड्काएको आरोप लगाए । पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष दाहालले विद्यार्थीका लिखित प्रश्नको जवाफ दिने क्रममा संसदबाट विद्यालय शिक्षा विधेयक पारित भएका खण्डमा र उच्चस्तरीय शिक्षा सुधार आयोगका सुझाव कार्यान्वयन गरेका खण्डमा वर्तमान शिक्षाका समस्या धेरै हल हुने धारणा व्यक्त गरे । आफूले नेतृत्व गरेको सरकार हुँदा विश्वविद्यालयमा हुने राजनीतिक भर्ती केन्द्रलाई तोडेर मेरिटोक्रेसिमा नियुक्तिको थालनी गरेको बताए ।

'शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो, शिक्षामा सुधार नगरी अन्य क्षेत्रमा सुधार गर्न सकिँदैन' अध्यक्ष दाहालको भनाइ थियो । शिक्षामा आमुल परिवर्तनका लागि सामूहिक संकल्प र प्रतिबद्धताको खाँचो रहेको अध्यक्ष दाहालले बताए । अहिले विद्यालय शिक्षा विधेयक पारित भएर ऐन बनेका खण्डमा धेरै समस्याहरू हल हुनेतर्फ ध्यानाकर्षण गराउँदै पूर्वप्रधानमन्त्री दाहालले त्यसलाई छिटो कार्यान्वयनमा लैजान जरुरी रहेको बताए ।

शिक्षालाई सीपयुक्त र रोजगारीमा जोड्नुपर्नेमा जोड दिँदै अध्यक्ष दाहालले शिक्षाको जिम्मेवारी राज्यले लिनुपर्ने बताए । अहिलेसम्म पनि शिक्षामा सुधार हुन नसक्नु विडम्बना भएको धारणा व्यक्त गर्दै उनले सोचेअनुसारको सुधारात्मक शिक्षा नीति कार्यान्वयन गर्न नसकिएको स्वीकार गरे । जीवनोपयोगी, सीपयुक्त र रोजगारमूलक शिक्षा नै आजको आवश्यकता भएको पूर्वप्रधानमन्त्री दाहालको भनाइ थियो ।

# विश्वविद्यालयहरूलाई कांग्रेस–एमालेले भर्तीकेन्द्र बनाए : प्रचण्ड

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीले आयोजना गरेको शैक्षिक संवाद कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष पुष्पकमल दाहालले विश्वविद्यालयमा कायम रहेको भागबन्डा आफूले अन्त्य गरेको बताएका छन् । अध्यक्ष 'प्रचण्ड'ले सत्ताधारी दलहरूले विश्वविद्यालयलाई पुनः राजनीतिक भर्ती केन्द्र बनाएको बताएका हुन् ।

आफू नेतृत्वको सरकारका पालामा विश्वविद्यालयमा मेरिटोक्रेसीका आधारमा नियुक्ति प्रक्रिया सुरु गरे पनि कांग्रेस, एमाले सरकारले उल्ट्याएको अध्यक्ष दाहालले बताए । 'विश्वविद्यालयमा राजनीतिक भागबन्डा गर्ने, आफ्ना कार्यकर्ता भर्ती गर्ने अत्यन्त गलत परम्परा तोडेर मेरिटोक्रेसी मैले स्थापित गरेको हो । यो धेरै ठूलो परिवर्तन हो' अध्यक्ष दाहालको भनाइ थियो 'प्रतिस्पर्धाबाट सबभन्दा योग्य भिसी, रजिष्ट्रार बनाउँदा शिक्षा क्षेत्रमा भडका विसंगति अन्त्य गर्न सकिन्छ भनेर गरेको हो । अहिले सरकार फेरियो फेरि पुरानै ठाउँमा गएर फेरि कर्मचारी भर्तीकेन्द्र बनाइएको छ ।'

शैक्षिक संवाद कार्यक्रममा अध्यक्ष दाहालले मुलुकमा अर्को ठूलो नयाँ क्रान्ति आवश्यक रहेको समेत बताए । अर्को नयाँ क्रान्ति नभएसम्म मुलुकको गुणात्मक विकास नहुने उल्लेख गर्दै उनले मुलुकमा अर्को सडक क्रान्ति आवश्यक भएको उल्लेख गर्दै त्यसको नेतृत्व आफूले गर्ने पनि बताए । संघीय लोकतान्त्रिक गणतन्त्र, समावेसिता स्थापना भए पनि अब हुने नयाँ आन्दोलनको नेतृत्व गर्न आफू तयार रहेको उनको भनाइ थियो ।

'नयाँ आन्दोलनको नेतृत्व गर्छु भनेर जनतामाझ गएको छु, नयाँ आन्दोलन क्रान्ति आवश्यक छ' अध्यक्ष प्रचण्डले भने 'अर्को क्रान्ति चाहिएकै छ नेपालमा । मैले सशस्त्र क्रान्ति भनेको होइन । एउटा सडकबाट ठूलो क्रान्ति नभएसम्म यिनको दिमागमा छिर्ने देखिएको छैन ।'

देशको कर्मचारीतन्त्र, न्यायालय रूपान्तरण आवश्यक भएको बताउँदै अध्यक्ष दाहालले भने 'देशलाई गुणात्मक ढंगले अघि बढाउन बिउरोक्रेशीमा जुडिसियरीमा र पुराना पार्टीको दिमागमा क्रान्ति ल्याउन सकेको छैनौं ।' अध्यक्ष दाहालले थपे 'हामीले परम्पराका साङ्गला तोड्न बाँकी छ ।'

# जलवाष्पयुक्त हावाको प्रभाव देशभर कमजोर

**काठमाडौं ।** अहिले मनसुनको न्यून चापीय रेखा सरदर स्थानको उत्तरतर्फ, मुलुकको तराईमा अवस्थित रहेको जानकारी दिँदै मौसम पूर्वानुमान महाशाखाले देशभर मनसुनको प्रभाव रहे तापनि जलवाष्पयुक्त हावाको प्रभाव केही कमजोर देखिएको उल्लेख गरेको छ ।

बिहीबार कोशी र लुम्बिनी प्रदेशलगायत देशको पहाडी भू–भागमा साधारणतया बदली रही बाँकी भू–भागमा आंशिक बदली रहने महाशाखाले बताएको हो । कोशी र लुम्बिनी प्रदेशको पहाडी र तराई भू–भागका केही स्थानहरू तथा बाँकी प्रदेशका पहाडी र तराई भू–भागका भू–भागका थोरै स्थानहरूमा मध्यम वर्षाको सम्भावना छ । कोशी, बागमती र गण्डकी प्रदेशको पहाडी भू–भागको एक–दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

यस्तै बिहीबार राति देशभर साधारणतया बदली रहने जानकारी दिँदै महाशाखाले मधेस प्रदेशलगायत कोशी र लुम्बिनी प्रदेशको पहाडी र तराई भू–भागका केही स्थानहरूमा तथा बाँकी प्रदेशका पहाडी र तराई भू–भागका थोरै स्थानहरूमा मध्यम वर्षाको सम्भावना छ । कोशी प्रदेशको पहाडी भू–भागको एक–दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाको बुलेटिनमा उल्लेख गरेको छ ।

# निलम्बित मेयर थापाले गैरकानुनी सम्पत्ति आर्जन गरेको ठहर

**काठमाडौं ।** सर्लाहीस्थित बागमती नगरपालिकाका निलम्बित मेयर भरतकुमार थापाले गैरकानुनी सम्पत्त आर्जन गरेको विशेष अदालतले ठहर गरेको छ ।

विशेष अदालतका अध्यक्ष न्यायाधीश टेकनारायण कुँवर र सदस्यद्वय मुरारीबाबु श्रेष्ठ र विदुर कोइरालाको इजलासले बुधबार निलम्बित मेयरले गैरकानुनी सम्पत्ति आर्जन गरेको ठहर गर्दै एक वर्ष कैद सजायसहित ती करोड ४५ लाख २२ हजार ३ सय ८७ जरिवाना समेत तोकेको हो ।

निलम्बित मेयर थापा र उनका परिवारको आय र व्ययको विश्लेषण गर्दा आयभन्दा व्यय तीन करोड ४५ लाख २२ हजार ३ सय ८७ रूपैयाँ २३ पैसा देखिएको ठहर गर्दै अदालतमा भनिएको छ 'प्रतिवादी भरतकुमार थापा र निजका एकासगोलका अन्य प्रतिवादीहरूको समग्र आय–व्ययको सम्बन्धमा मूल्याङ्कन गर्दा कूल आय ९ करोड चार लाख ३१ हजार ३ रूपैयाँ ९१ पैसा र कूल व्यय १२ करोड ५९ लाख ५३ हजार ३९१ रूपैयाँ १४ पैसा देखिन आई कूल आयभन्दा व्यय ३ करोड ४५ लाख २२ हजार ३८७ रूपैयाँ २३ बढी देखियो ।'

'निज प्रतिवादीले गैरकानुनी रूपमा आर्जन गरेको देखिन आई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएकोले निज प्रतिवादी भरतकुमार थापालाई सोही दफा २० को उपदफा (२) बमोजिम १ (१) वर्ष कैद र बिगो बराबर ३ करोड ४५ लाख २२ हजार ३८७ रूपैयाँ २३ जरिवाना हुने ठहर्छ' सो फैसलामा भनिएको छ । सोबाहेक अदालतले थापासँग बिगोबाहेक बढे/बढाएको सम्पत्ति समेत जफत गर्न आदेश दिएको छ ।

# महामन्त्री शर्माद्वारा स्वमूल्यांकन कार्यविधिको विरोध

**काठमाडौं ।** सत्तासाझेदार दल नेपाली कांग्रेसले निर्वाचन आयोगले तयार पारेको राजनीतिक दल स्वमूल्यांकन कार्यविधिप्रति असहमति व्यक्त गरेको छ । संविधानले दलहरूले गरेको कामलाई नियमन गर्ने चर्चा गर्दै कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले दलहरूले ठिक–बेठिक गरेको संविधानले नियमन गर्ने बताएका हुन् ।

'दलहरूको मूल्यांकन त जनताले गर्छ नि ठिक बेठिक भनेर । राष्ट्रिय मान्यता प्राप्त के हुने, समावेशितासम्बन्धी के पुग्यो के पुगेन भन्ने दलहरूका लागि अन्य विविध कानुनहरू छन्' उनको भनाइ थियो । उनले निर्वाचन आयोगको कुनै एक कर्मचारीले जनताद्वारा निर्वाचित भएका दलहरूलाई नियमन गर्ने–गराउने गर्ने विषय मान्य नहुने बताए ।

आयोगले गर्ने स्वमूल्यांकन कार्यविधिमा कांग्रेसको शतप्रतिशत असहमति गरेको महामन्त्री शर्माले बताए । आयोगले ल्याउन लागेको कार्यविधिप्रति विपक्षी दलहरूले बैठक बसेर असहमति राखेका थिए ।

# फाउन्डेसनलाई 'कार्यालय' बनाएर के गर्दैछ विद्या समूह ?

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)को केन्द्रीय समितिले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता सक्रिय सदस्यता नविकरण नगरेपछि अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीसँगको निर्णायक संघर्षमा विराम लागेको छ । केन्द्रीय समितिले भण्डारीको सक्रिय सदस्यता नविकरण नगरिदिएपछि भण्डारीको वैधानिक बाटो तत्कालका लागि बन्द भएको हो ।

हालका लागि पूर्वराष्ट्रपति विद्यादेवीलाई राजनीतिमा सक्रिय हुनबाट रोक लगाइए पनि उक्त समूहले मदन भण्डारी फाउन्डेसनलाई नै सम्पर्क कार्यालय बनाएर अघि बढ्ने नीति बनाएको छ । भण्डारीका सहयोगीका रूपमा राजनीतिक खटन–पटनमा सक्रिय एक नेताका अनुसार अहिलेकाा लागि मदन भण्डारी फाउन्डेसनकै प्रयोग गरेर अघि बढ्ने योजना बनाइएको छ । त्यसका लागि विद्या भण्डारीकै अगुवाइमा मदन भण्डारीको स्मृतिमा 'हीरक महोत्वस' मनाउन 'जननेता मदन भण्डारी ७५औं जन्म जयन्ती मूल व्यवस्थापन समिति' समेत गठन भएको छ ।

भण्डारी समूहले सोही माध्यमबाट आगामी राजनीतिक गतिविधि अघि बढाउने योजनामा बनाएको समेत बुझिएको छ । उनीहरूले भण्डारी फाउन्डेसनमार्फत् 'मदन भण्डारी/जबज' का गतिविधिहरूलाई तीव्रता दिने योजना बनाएका छन् । योजनालाई पूर्णता दिन सो समूहले फाउन्डेसनकै नाममा अर्को भवन भाडामा लिएर सम्पर्क कार्यालय स्थापनाको तयारी समेत थालेको छ । त्यसका लागि भण्डारी समूहले बानेश्वर हाइटस्थित थापा गाउँमा चार तले भवन भाडामा लिएर सम्पर्क कार्यालय स्थापना गरेको छ । एमालेका तत्कालीन महासचिव मदनकुमार भण्डारीले २०४८ को चुनाव प्रचार–प्रसार गर्न जुन घरमा कार्यालय खोलेर चुनाव जितेका थिए सोही घरमा केही दिनमै कार्यालय उद्घाटन हुने भण्डारीपक्षीय एक नेताले बताए ।

त्यसपछि भण्डारी पत्नी विद्यादेवीले पनि २०५१ को चुनाव प्रचार–प्रसार गर्न त्यही घरमा कार्यालय खेलेकी थिइन् । थापागाउँमा रहेको उक्त घर भने २०५४ मा एमालेबाट काठमाडौं महानगरपालिकाको उपमेयर बनेका नेता बिदुर मैनालीको भएको बुझिएको छ ।




## लेनिनकृत...

अन्यायको विरुद्ध आवाज उठाओस्, चाहे त्यो जहाँसुकै होस् र जोसुकैसँग भइरहेको होस् । हाम्रो काम केवल मजदुरहरूको असन्तुष्टिलाई भट्काउनु मात्र नभएर यो सडेको व्यवस्थाबाट पीडित हरेक वर्गको असन्तुष्टिलाई दिशा दिनु हो । हामीले विद्यार्थी, बुद्धिजीवी, किसान र समाजका अन्य उत्पीडित तप्कामा जानुपर्छ र उनीहरूलाई हाम्रो दुश्मन साझा हो भन्ने कुरा देखाउनुपर्छ ।

यो काम हाम्रो अखिल रूसी अखबार र त्यसको माध्यमबाट प्राप्त भएका हाम्रा क्रान्तिकारीहरूले गर्नेछन् । उनीहरूले देशका कुना-कुनाबाट अन्यायका वास्तविकहरूलाई जम्मा गर्नेछन्, तिनीहरूलाई अखबारमा छाप्नेछन् र फेरि ती छापिएका वास्तविकताहरूलाई लिएर जनताको बीचमा जानेछन् । यो एक निरन्तर चल्ने चक्र हो, जसले विस्तारै-विस्तारै सम्पूर्ण देशमा साझा राजनीतिक बोध र एक साझा असन्तुष्टि पैदा गर्नेछ । यसले जनतालाई दर्शक मात्र बनाउँदैन, यसले उनीहरूलाई आन्दोलनमा सामेल हुनका लागि प्रेरित गर्नेछ ।

यद्यपि केवल असन्तुष्टि र चेतना पैदा गर्नु मात्र पर्याप्त हुँदैन । यो ऊर्जालाई सही दिशामा लगाउनको लागि एक ठोस योजनाको आवश्यकता हुन्छ । योजनाबिना सम्पूर्ण ऊर्जा तितरबितर हुन्छ ।त्यसो हुँदा क्रान्तिको यो योजना कस्तो हुनुपर्छ त ? यसको खाका कस्तो हुनेछ ? अब लेनिन यिनै प्रश्न वरिपरि घुमेर आफ्नो विचार प्रवाह गर्छन् ।

### एउटा योजनाको विकास

कुनै नक्साबिनाको यात्रा धेरै खर्तनाक हुनसक्छ । अब लेनिन एउटा धेरै महत्त्वपूर्ण चीजको बारेमा बताउन गइरहेका छन् र त्यो हो एउटा ठोस योजना । लेनिनका अनुसार असल नियत, जोश र सही बुझाइ हुनुको बाबजुद पनि यदि हामीसँग स्पष्ट तथा व्यावहारिक योजना भएन भने हाम्रो सम्पूर्ण मेहनत बेकार हुनसक्छ । हामीसँग संसारको सबभन्दा राम्रो वाहन र भरपुर इन्धन छ तर कहाँ जाने र कुन बाटोबाट जाने भन्ने कुरा थाहा भएन भने कहीँ पुग्न सकिँदैन । नक्साबिनाको यात्राले हामीलाई कहीँ पुऱ्याउनुको साटो भट्कावमा लगिदिन्छ ।

लेनिनको समयमा उनका विरोध खासगरी अर्थवादी कुनै पनि प्रकारको लम्बेचौडे योजना बनाउने कुराको उपहास गर्थे । उनीहरू भन्थे, योजना बनाउनु कुनै आवश्यक छैन । चीजहरू स्वतः हुनेछन् । हामीले केवल स्थानीय स्तरमा काम गरिरहनुपर्छ । बाँकी इतिहासले आफ्नो काम स्वयं गर्नेछ । उनीहरूको मान्यता अनुसार जीवन यति धेरै जटिल र अप्रत्यासित छ कि कुनै पनि अग्रिम योजना बनाउनु मूर्खता हो । हामीले केवल घटनाहरूको प्रवाहसँगै बहनुपर्छ ।

लेनिनले यो दृष्टिकोणलाई पिछलग्गुपन भने, अर्थात् यो घटनाहरूको पछाडि पुच्छर जसरी चल्ने प्रवृत्ति हो, घटनालाई दिशा दिनु होइन । लेनिनले यसको कडा विरोध गरे । उनका अनुसार एउटा क्रान्तिकारीको काम घटनाहरूको पछाडि दौडिने होइन, बरु घटनाहरूको निर्माता बन्नु हो । र, यसको लागि एक दूरदर्शी योजना हुनु अनिवार्य हुन्छ ।

लेनिनलाई भविष्यवाणी गर्न सकिँदैन भन्ने कुरा थाहा थियो । उनको योजना फरक प्रकारको थियो । यो एक रणनीतिक योजना थियो । एक प्रक्रियागत योजना थियो । यो हामीले अहिलेदेखि के गर्नुपर्छ भन्ने कुराको जवाफ थियो, ताकि क्रान्तिको क्षण आएपछि हामी त्यसको लागि पूर्ण रूपले तयार हुन सकौँ । यो योजनाको केन्द्रबिन्दु पनि एक अखिल रुसी राजनीतक अखबारको स्थापना र त्यसको माध्यमबाट एक राष्ट्रव्यापी क्रान्तिकारी सङ्गठनको निर्माण गर्नु थियो ।

लेनिनका अनुसार यही नै हाम्रो तात्कालिक र केन्द्रीय योजना हुनुपर्छ । हामीले आफ्नो सम्पूर्ण ऊर्जा, सम्पूर्ण स्रोतसाधन, सम्पूर्ण उत्कृष्ट जनतालाई यही एउटा कार्यमा लगाइदिनुपर्छ । मानौं हामीले एउटा विशाल भवन बनाउनुपर्ने छ । हामीसँग ईंटा, सिमेन्ट, मजदूर र अरु सबै कुरा छन् । तर ती सबै छरिएका छन् । हामीले कहाँबाटा सुरु गर्नसक्छौं ? हामीले सबभन्दा पहिले एउटा लिफ्ट बनाउनुपर्छ, जसको सहायताबाट मजदूर माथि जान सक्छन्, सामान पुऱ्याउन सक्छन् र पर्खाललाई सही ठाउँमा स्थापित गर्न सक्छन् । यो लिफ्ट स्वयं भवन होइन तर यसबिना भवन बन्नै सक्दैन । लेनिनका अनुसार अखिल रूसी अखबार नै त्यो लिफ्ट थियो । यो योजना पहिलो र सबभन्दा महत्त्वपूर्ण चरण थियो ।

लेनिनका अनुसार यदि हामी सफलतापूर्वक यस्तो अखबार निकाल्न र सम्पूर्ण देशमा बाँड्नमा सफल भयौं भने यसको अर्थ हामीले क्रान्तिको लागि आवश्यक सङ्गठन पनि बनाएका हुनेछौं भन्ने हुन्छ । हामीले एउटा यस्तो सञ्जाल बनाएका हुनेछौं, जुन हरेक शहरमा विद्यमान हुन्छ, जुन अनुशासित हुन्छ, जुन गोपनीय हुन्छ र जसले केन्द्रीय नेतृत्व अन्तर्गत काम गर्छ । एकपटक यो लिफ्ट तयार भएपछि हामी त्यसको सहायताबाट कुनै पनि विशाल राजनीतिक कार्यवाही, कुनै पनि विशाल आन्दोलन गर्न सक्छौं । यो योजनाबाट के बुझ्न सकिन्छ भने कुनै पनि विशाल लक्ष्य हासिल गर्नको लागि हामीले त्यसलाई साना, व्यवहारिक र प्राप्त गर्नयोग्य चरणमा विभाजन गर्नुपर्छ । हामीले पहिचान गर्नुपर्छ कि त्यो कुन एउटा केन्द्रीय कडी हो, जसलाई हामीले समातेको खण्डमा सम्पूर्ण श्रृङ्खला हाम्रो हातमा आउनेछ । लेनिनका अनुसार त्यो केन्द्रीय कडी अखबार थियो । यदि कुनै सामाजिक अभियान सञ्चालन गर्नु छ भने त्यो केन्द्रीय संयोजकले एक शक्तिशाली सन्देश प्रवाह गर्नेछ ।

योजनाको अर्थ आफ्ना प्राथमिकताहरू तय गर्नु हो । यसमा हामीले आफ्नो सीमित ऊर्जालाई कहाँ केन्द्रित गर्ने भन्ने बुझ्नुपर्छ, ताकि हामीलाई अधिकतम् परिणाम प्राप्त हुनसकोस् । योजनाबिना हामी आफ्नो ऊर्जालाई सय अलग-अलग दिशामा बर्बाद गरिरहनेछौं र कहीं पुगिँदैन । योजनाबिना काम गर्नु अनुभवहीनता मात्र नभएर यो एकप्रकारले गैरजिम्मेवारी पनि हो । किनकि यो परिवर्तनको लागि हामीतिर हेरिरहेका मानिसहरूको भरोसामाथिको खेलबाड हो ।

योजनाको खाका तयार भएपछि अन्तिम र सबभन्दा ठोस कदम अगाडि आउँछ । त्यो हो, यो योजनालाई वास्तविकतामा बदल्ने सङ्गठनको वास्तिक निर्माण । यो सङ्गठनलाई चलाउने मानिस को हुन्छन् ? उनीहरूको भूमिका के हुन्छ ? र, यो सङ्गठनले धरातलीय स्तरमा कसरी काम गर्नेछ ? अब लेनिन यो पुस्तकको अन्तिम व्यवहारिक विषयलाई यिनै प्रश्नको वरिपरि रहेर स्पष्ट बनाउँछन् ।

### सङ्गठनको निर्माण

लेनिनले क्रान्तिको लागि विचार, चेतना, रणनीति र योजना कति महत्त्वपूर्ण हुन्छ भन्ने कुरालाई गहिरोसँग विश्लेषण गरेका छन् । तर यी सबै कुरालाई व्यवहारिक रूप दिनको लागि एउटा ठोस र प्रभावकारी सङ्गठन आवश्यक हुन्छ । सङ्गठनले विचारलाई वास्तविकतामा परिवर्तित गरिदिन्छ । लेनिनले यहाँ धेरै व्यावहारिक रूपले यो सङ्गठन कस्तो हुनुपर्छ र यसले कसरी काम गर्नेछ भन्ने कुरा स्पष्ट बनाउँछन् । उनी सङ्गठनको बारेमा परम्परावादी सोचलाई चुनौती दिन्छन् ।

सामान्यतः सङ्गठनको कुरा गर्दा हाम्रो दिमागमा एउटा विशाल खुला सदस्यहरू भएको संस्थाको तस्विर आउँछ; जस्तो कि कुनै क्लब वा राजनीतिक दलमा केही शुल्क तिरेर सदस्य बन्न सक्छ । लेनिनका अनुसार जारको तानाशाही व्यवस्था अन्तर्गत यो मोडेल आत्मघाती हुन्छ । हामीले दुईप्रकारका सङ्गठनहरूको बीचमा स्पष्ट फरक छुट्याउनुपर्छ । पहिलो क्रान्तिकारीहरूको सङ्गठन हो भने दोस्रो मजदूरहरूको सङ्गठन । यो फरक धेरै महत्त्वपूर्ण हुन्छ ।

क्रान्तिकारीहरूको सङ्गठन त्यही पेशेवर, सानो, गोपनीय र केन्द्रीकृत सङ्गठन हो । यसको बारेमा हामीले पहिले नै कुरा गरिसकेका छौं । यसमा केवल समर्पित, प्रशिक्षित र परिक्षण भएका व्यक्ति मात्र सहभागी हुनेछन् । यसको मुख्य काम नेतृत्व दिनु, रणनीति बनाउनु र सम्पूर्ण आन्दोलनलाई दिशा दिनु हुन्छ । यो सेनाको जनरल स्टाफ जस्तै हुनेछ ।

अर्कोतिर, मजदूरहरूको सङ्गठन व्यापक, खुला र यथासम्भव सार्वजनिक सङ्गठन हुनेछ । यसमा ट्रेड-युनियन, मजदुरहरूको अध्ययन-मण्डल, तिनीहरूका सहकारी समितिहरू र हरेकप्रकारका ती समूह सामेल हुनेछन्, जसमा मजदुर आफ्ना दैनिक समस्याहरूको लागि एकजुट हुन्छन् । यी सङ्गठनहरूले सम्भव भएसम्म विशाल र खुला हुनुपर्छ ।

यद्यपि लेनिनका विरोधीहरू यी दुवैलाई मिलाइदिनुपर्छ भन्थे; हरेक मजदूरहरूलाई क्रान्तिकारी सङ्गठनको सदस्यता बनाइदिनुपर्छ । लेनिनले भने, यो एउटा धेरै गम्भीर गल्ती हुनेछ । यदि हामीले यसो गर्यौं भने हामी क्रान्तिकारी र आम मजदुरहरूको बीचको फरकलाई अन्त्य गरिदिनेछौं । यसबाट हाम्रो सङ्गठनको पेशेवर स्तर खत्तम हुनेछ र पुलिसको लागि यसमा घुसपैठ गर्न धेरै सहज हुनेछ ।

यसको सट्टा लेनिनले सङ्गठनको एउटा अलग मोडेल बताए । उनका अनुसार क्रान्तिकारीहरूको सङ्गठनले यी मजदूरहरूको सङ्गठनभित्र रहेर काम गर्नेछन् तर उनीहरूभन्दा अलग आफ्नो पहिचान काम राख्नेछन् । हाम्रा पेशेवर क्रान्तिकारी यी ट्रेड-युनियन र अन्य समूहका सदस्य बन्नेछन्, त्यहाँ नेतृत्वकारी भूमिकामा आउनेछन् र विस्तारै-विस्तारै त्यहाँका सदस्यहरूलाई समाजवादी चेतनाबाट लैस गर्नेछन् ।

यसरी स्पष्ट रूपमा बुझ्न सकिन्छ; क्रान्तिकारीहरूको सङ्गठन एउटा अदृश्य धागो जस्तै हो, जसले सम्पूर्ण देशमा फैलिएका मजदुरहरूका सयौं अलग-अलग सङ्गठनहरूलाई एकसाथ बुन्दछ । यो सङ्गठनले यी सबै समूहलाई वैचारिक नेतृत्व, प्रचार सामग्री र एक साझा दिशा प्रदान गर्छ । यसबाट के सुनिश्चित हुन्छ भने सेन्ट पिटर्सबर्गको एउटा ट्रेड-युनियन र युरालको एउटा मजदुर समिति दुवैले एकै राजनीतिक दिशामा सोच्नेछन् र काम गर्नेछन्; भलै उनीहरूले एक-अर्कोलाई नचिनून् । यो मोडेलले एकै समयमा दुई लक्ष्यलाई पूरा गर्दछ । यसले पेशेवर क्रान्तिकारीहरूको मूल सङ्गठनको गोपनीयता एवम् सुरक्षालाई कायम राख्छ र सँगसँगै आन्दोलनको आधार आम मजदूरहरूको बीचमा गहिराइसम्म फैलिएको कुरालाई पनि सुनिश्चित गर्छ । यो गोपनीयता र व्यापकताको, न्यूनता र विशालताको एक अद्भूत सन्तुलन हो ।

लेनिन सङ्गठनभित्र कामको स्पष्ट विभाजन हुनुपर्छ भन्ने कुरामा धेरै जोड दिन्छन् । सबैले सबै काम गर्ने प्रयास गर्नुहुँदैन । केही व्यक्ति लेखनमा क्षमतावान हुन्छन्, उनीहरूले अखबारको लागि लेख लेख्नेछन् । केही व्यक्ति भाषण दिनमा पारङ्गत हुन्छन्, उनीहरू आन्दोलनकारी बन्नेछन् । केही व्यक्ति सम्पर्क बनाउन र सञ्जाल चलाउनमा सक्षम हुन्छन्, उनीहरू त्यही कार्यमा लाग्नेछन् । केही व्यक्ति छापाखाना जस्तो प्राविधिक चीजहरूलाई सम्हाल्न सक्छन्, उनीहरू त्यही कार्यमा लाग्नेछन् । कामको यो पेशागत विभाजनले सङ्गठनको कार्यकुशलतालाई कयौंगुना बढाइदिन्छ । यसले रुचिअनुसार काम गर्ने प्रवृत्तिलाई अन्त्य गरिदिन्छ र हरेक कामलाई उच्चतम् स्तरमा गर्ने कुरालाई सुनिश्चित गरिदिनेछ ।

लेनिनका अनुसार हामीले सबभन्दा महत्त्वपूर्ण शक्ति अर्थात् जनतालाई उनीहरूको प्रतिभा र क्षमता अनुसार सही काममा लगाउनुपर्छ । यो सङ्गठन कुनै एउटा व्यक्तिको अधिनायकत्वमा चल्दैन । यसमा एउटा बलियो केन्द्रीय नेतृत्व हुनेछ तर यो नेतृत्व सामूहिक हुनेछ । त्यो एउटा केन्द्रीय समितिको रूपमा हुनेछ । र, यो नेतृत्वको अधिकार त्यो वैचारिक रूपले कति बलियो छ र धरातलीय स्तरमा काम गर्ने कार्यकर्ताहरूको कति भरोसा जित्न सक्छ भन्ने कुरामा टिकेको हुन्छ । यो एक जीवन्त सङ्गठन हुनेछ, जसले लगातार सिक्नेछ; आफ्ना गल्तीहरूलाई सुधार्नेछ र परिवर्तित परिस्थिति अनुसार स्वयंलाई ढाल्नेछ । लेनिनले रूसको इतिहासलाई सधैंको लागि परिवर्तन गर्ने यन्त्रको रूपमा यसको निर्माण गर्ने सोच बनाएका थिए ।

अन्त्यमा, लेनिनले यो पुस्तकमा तितिरबितिर भएको, अनुभवहीन र वैचारिक रूपले दिग्भ्रमित आन्दोलनलाई एक शक्तिशाली, अनुशासित र केन्द्रित शक्तिमा परिवर्तित गर्ने एक विस्तृत खाका प्रस्तुत गरेका थिए । उनले यसमा आलोचनाको स्वतन्त्रताको दोहोरो अर्थलाई स्पष्ट बनाए; सहजता र सचेतनाको बीचको फरकलाई स्पष्ट बनाए; ट्रेड-युनियन राजनीति र क्रान्तिकारी राजनीतिको फरकलाई बुझाए र एउटा पेशेवर तथा केन्द्रीकृत सङ्गठनको महत्त्वलाई प्रष्ट पारे । यसमा उनले अखिल रूसी अखबारलाई प्रचार सँगसँगै सङ्गठन निर्माणको एउटा लिफ्ट बन्नसक्छ भन्ने कुरा स्पष्ट पारे । यो पुस्तक एक ऐतिहासिक दस्तावेज मात्र नभएर क्रान्तिकारीहरूको लागि यो आज पनि उति नै प्रासङ्गिक छ, जति यसको रचनाको बेलामा थियो । अहिले सन्दर्भ धेरै परिवर्तन भए पनि यसको वास्तविक महत्त्वमा कुनै कमी आएको छैन । लेनिनको यो किताबमा उल्लेखित विचारको शक्ति, सङ्गठनको महत्त्व, पेशेवर कार्य र स्पष्ट योजना आज पनि त्यति नै प्रासङ्गिक र शक्तिशाली छन्, जति सय वर्ष पहिले थिए । यदि हामी संसारलाई परिवर्तन गर्न चाहन्छौं भने हामीले स्वयंलाई परिवर्तित गर्नुपर्छ; हामी एक विचारक, रणनीतिकार र एक सङ्गठनकर्ता बन्नुपर्छ ।

### सन्दर्भ स्रोतहरू


https://www.marxists.org/archive/lenin/works/1901/witbd/
https://cdn.wou.edu/history/files/2015/08/Samuel-Summers.pdf
https://ivypanda.com/essays/lenins-what-is-to-be-done-pamphlet-analysis/
https://communistusa.org/what-is-to-be-done-a-reading-guide/
https://workersvoiceus.org/lenin-what-is-to-be-done-1901-abridged/
https://www.sfr-21.org/whatistobedone.html
https://janapatrika.com/archives/11897
https://narayangiri.wordpress.com/2025/01/21/lenin-ra-unka-karyaharu/
https://www.marxists.org/ebooks/lenin/what-is-to-be-done.pdf
Study and Research of various websites, blogs, online portals, youtube channels, etc.
https://www.marxists.org/archive/lenin/works/1901/witbd/
Click to access Samuel-Summers.pdf
https://ivypanda.com/essays/lenins-what-is-to-be-done-pamphlet-analysis/


## बागलुङका २ हजार ४ सय ३८ घरगोठ बाढीपहिरोको जोखिममा

**काठमाडौं ।** बागलुङ जिल्लास्थित निसीखोला गाउँपालिकाका दुई हजार ४३८ घर बाढीपहिरोको जोखिममा परेका छन् । भिरालो स्थान, खोला नजिक र सडक छेउका घर जोखिममा परेसँगै १३ हजार ५९७ जना स्थानीय प्रभावित बनेका गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीले बताए ।

बाढीपहिरोबाट निसीखोला- १ मा सबैभन्दा बढी जोखिममा परेको छ । सो वडामा नौ सय २० घर पहिरोको जोखिममा परेका छन् भने हुल्दी, लेबाड किटेनी, स्वाँरालगायत बस्ती पहिरोको जोखिममा परेका गाउँपालिकाका अध्यक्ष घर्तीले जानकारी दिए । विगत २०७४ देखि गाउँमा धेरै पहिरो जाने गरेको स्थानीयले बताए । गाउँपालिकाको तथ्याङ्क अनुसार वडा नं २ मा दुई सय सात, वडा नं ३ मा एक सय ४०, वडा नं ४ मा चार सय, वडा नं ५ मा एक सय ७०, वडा नं ६ मा ३१ र वडा नं ७ मा पाँच सय ७० घर पहिरोको जोखिममा छन् । पहिरोले गाउँनै चिराचिरा परेपछि बर्खाको समय जोखिम मोलेर बस्नु परेको निसीखोला-१ हुल्दीकी हुमकुमारी मल्लले बताइन् । गाउँको बीचमा एउटा ठूलो पहिरो रहेको जानकारी दिँदै उनले उक्त पहिरो दशकौं अगाडिदेखि निरन्तर बग्ने गरेको छ ।

मल्लका अनुसार २०७५ देखि सो पहिरोले असरले गर्दा गाउँका विभिन्न स्थानमा जमिन भासिने र चिरिने गरेको छ । 'हामीहरू पहिरोका कारण ज्यान कसरी बचाउने भन्ने चिन्तामा छौं, हिउँदको समय घरमा सुखले बस्छौं, बर्खाको समयमा ठूलो वर्षा हुने वित्तिकै गाउँ छोडेर भाग्नुपर्छ' मल्लको भनाइ थियो 'गाउँभन्दामाथि दह भन्ने छ, त्यहाँ गाईभैंसी गोठ छन्, त्यही गएर बस्ने गर्छौं, गाउँपालिकामा धेरै पटक समस्याबारे जानकारी गरायौं केन्द्र र प्रदेश सरकारलाई पनि जानकारी गराएका छौं, अहिलेसम्म हाम्रो समस्या समाधानका लागि कुनै सम्बोधन भएको छैन ।'

निसीखोला-२ का पदमबहादुर विकले गाउँमा बाहेक अरु ठाउँमा जग्गा जमिन नहुँदा जोखिममा बस्नु परेको बताए । ठूलो पानी पर्‍यो भने सबै सरसामान बोकेर घर बाहिर निस्कने गरेको उनको भनाइ छ । हुने-खाने बसाइँसराइ सरेर तराईतिर झरेका भन्दै उनले आर्थिक अवस्था कमजोर भएका गाउँमै बसेका बताए । सरोकार भएका निकायलाई गाउँको समस्याका बारेमा पटकपटक जानकारी गराए पनि अहिलेसम्म सुनुवाइ नभएको उनको गुनासो थियो । अप्ठ्यारो भूगोलका कारण हरेक वर्ष बाढीपहिरोबाट स्थानीय नागरिकले दुःख पाउँदै आएका बताए ।

## रविलाई भेटेपछि के भने डा. बाबुरामले ?

**काठमाडौं ।** नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा बाबुरा भट्टराईले बिहीबार पुर्पक्षका लागि रूपन्देही कारागारमा राखिएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई भेटेर फर्किएका छन् । रविलाई भेटेर आएका डा भट्टराईले पत्रकारसँग कुराकानी गर्दै लामिछानेलाई एकान्त कारावासमा राखेको टिप्पणी गरेका हुन् ।

पत्रकारसँग कुराकानी गर्दै उनले भने 'उहाँ बस्ने पनि सोलिटरी कन्साइन्मेन्ट (एकान्त कारावास) जस्तोमा रहेछ, जेल भनिसकेपछि त त्यहाँ खुला ठाउँ हुन्छ, कुराकानी गर्ने अवसर पनि हुन्छ । एकल ठाउँमा राखेको उपयुक्त पनि लागेन ।'

उनले लामिछानेलाई पत्रपत्रिका पढ्न नदिएर सूचनाबाट बाहिर राखेको आरोप समेत लगाए । 'उहाँलाई पत्रपत्रिका ल्याएर दिइँदो रहेनछ । हामी त पञ्चायत कालमा बस्दा खेरी पनि साथीहरू दिन्थे, पढ्ने गर्थ्यौं' डा भट्टराईको भनाइ थियो । उनले सोबारे त्यहाँ ड्युटीमा रहेका सुरक्षाकर्मीसँग सोध्दा आदेश नभएको प्रतिक्रिया आएको समेत बताए ।

त्यसबारे आफूले जिज्ञासा राख्दै सुरक्षाकर्मीले 'खै हजुर त्यस्तो आदेश छैन' भनेको बताउँदै उनले भने 'कमसेकम सूचनाबाट वञ्चित गर्नु चाहिँ हुँदैनथ्यो ।' दामिछाने जनताको प्रतिनिधि र राजीतिक बन्दै भएकाले सद्भाव राखेर भेट्न पुगेको समेत उनको भनाइ थियो ।

# बाढीपहिरोका कारण गुल्मीका मुख्य सडक अवरुद्ध

**काठमाडौं ।** अविरल वर्षाका कारण गुल्मीका तीनवटा मुख्य सडक अवरुद्ध बनेका छन् । जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी गंगाबहादुर सारुले अविरल वर्षाका कारण कालीगण्डकी करिडोर, रिडी-तम्घास र रिडी-वामीटक्सार सडक अवरुद्ध बनेको जानकारी दिए ।

कालीगण्डकी करिडोर सडक अन्तर्गत कालीगण्डकी गाउँपालिका-१ स्थित गरगरे, वडा नम्बर-२ को मिल्क र वडा नं-३ स्थित कनौटामा सडकमाथिबाट चट्टान सहितको ठूलो पहिरो खसेपछि ती सडक पूर्णरूपमा अवरुद्ध बनेको हो । निरन्तर वर्षाको कारण रिडी-तम्घास सडकखण्ड अन्तर्गत रुरुक्षेत्र गाउँपालिका-३ स्थित सल्लेरीमा पहिरो खस्दा उक्त सडक पनि पूर्णरूपमा अवरुद्ध बनेको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ ।

यस्तै, रिडी-वामीटक्सार सडकखण्ड अन्तर्गत सत्यवती गाउँपालिका -६ स्थित डहरे खोला र वडा-५ को बाँदरेभीरमा बाढीपहिरोका कारण उक्त सडक समेत पूर्ण रूपमा अवरुद्ध बनेको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी सारुले जानकारी दिए । जिल्ला प्रहरी कार्यालय गुल्मीले लगातार वर्षा कारण अवरुद्ध सडक सुचारु गर्न समस्या परेको जनाएको छ । कालीगण्डकी करिडोर र रिडी-वामीटक्सार सडक पटक-पटक बन्द हुँदा त्यस क्षेत्रका नागरिकले समस्या भोग्दै आइरहेका छन् । लगातारको वर्षाको कारण बडिगाड खोलामा समेत पानीको सतह बढ्दै गएपछि जिल्ला प्रशासन कार्यालय गुल्मीले खोला तटीय क्षेत्रका बासिन्दालाई सर्तकता अपनाउन र सुरक्षित स्थानमा बसोबास गर्न आग्रह गरेको छ ।

# पहिरोका कारण मध्यपहाडी लोकमार्ग अवरुद्ध

**काठमाडौं ।** काठेखोला गाउँपालिका-६ ताराखसेमा पहिराले मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ । राष्ट्रिय गौरवको आयोजना अन्तर्गतको उक्त सडक अवरुद्ध हुँदा लामो तथा छोटो दूरीका सवारीसाधान चल्न सकेका छैनन् । जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी निरीक्षक केशव थापाले सडकमा लेदोसहितको पहिराले पश्चिम बागलुङसहित रोल्पा, रुकुम, जाजरकोट, डोल्पा, गुल्मी र पश्चिम बागलुङबाट पोखरा, काठमाडौं लगायतका स्थानमा आवतजावत गर्ने सवारीसाधान रोकिएका हुन् ।

'सडक खुलाउने प्रयास भइरहेको छ । राति पहिराले सडक अवरुद्ध भएपछि हामीलाई फोन आएको थियो, हामीले तुरुन्तै प्रहरी टोली पठायौं' भन्दै प्रहरी निरीक्षक थापाले सडक खुलाउन पहिरो पन्छाएर सवारी आवागमन गराउन लोकमार्ग कार्यालयसँग छलफल भइरहेको जानकारी दिए ।

# दाङ, बाँके, बर्दियामा अति भारीसम्म वर्षा : देशभरका विभिन्न नदीमा जलसतह बढ्यो

**काठमाडौं ।** जल तथा मौसम विज्ञान विभागले दाङ, बर्दिया र बाँकेमा पछिल्लो समयमा अति भारी वर्षा भएको छ । विभागले दाङको जलकुण्डी मापन केन्द्रमा सबैभन्दा बढी दुई सय २७ मिलीमिटर वर्षा भएको उल्लेख गरेको हो ।

पछिल्लो समय बाँकेको सिक्टामा समेत दुई सय मिलीमिटर वर्षा भएको छ भने बर्दियाको मानपुरमा एक सय ६७ मिलीमिटर वर्षा भएको छ । बाँके र दाङमा अति भारी वर्षा हो भने बर्दियामा धेरै भारी वर्षा भएको छ ।
जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका मौसमविद हरिप्रसाद दाहालले पश्चिम नेपालमा बढी वर्षा हुने जानकारी दिए । वर्षा गराउने सानो प्रणाली बनेको भएर पश्चिम क्षेत्रमा बढी पानी पर्ने मौसमविद दाहालले बताए । नेपालभर नै मनसुन न्यून चापीय प्रणालीको असर रहेका कारण अझै केही दिन मनसुन सक्रिय भइरहने छ ।

दाङस्थित तुलसीपुर, अम्बापुर, जलकुन्डी, बाँकेको पश्चिम राप्ती, सिक्टा, बर्दियाको मानपुर वर्षामापन केन्द्र र आसपासका क्षेत्रमा भारी वर्षा भएको छ । ती क्षेत्र भई बहने बबई, पश्चिम राप्ती नदी, डुडुवा खोलालगायत अन्य साना खोलामा आकस्मिक बाढी तथा होचा भूभागमा डुबानको जोखिम रहेकाले उच्च सतर्कता अपनाउन बाढी पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ । देशभर मनसुनी वायुको प्रभाव रहेको जानकारी दिँदै महाशाखाले मनसुनको न्यूनचापीय रेखा सरदर स्थानको उत्तरतर्फ, नेपालको तराईमा अवस्थित छ । लुम्बिनी प्रदेशका अधिकांश स्थान, मधेस, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका अधिकांश स्थानका साथै कोशी र बागमती प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । आगामी केही दिनमा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थान तथा बागमती र गण्डकी प्रदेशका एकदुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको पनि सम्भावना रहेको महाशाखाले उल्लेख गरेको छ ।

यस्तै, भारतले उत्तराखण्ड प्रदेशको पिथौरागढ जिल्लामा रहेको धौलीगंगा जलविद्युत परियोजनाको बाँधको ढोका खोलेपछि महाकाली नदीमा पानीको बहाव बढेको छ । पानीको बहाव बढेपछि जिल्ला प्रशासन कार्यालय दार्चुला र बैतडीले दुवै जिल्लाका तटीय क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउन आग्रह गरेको छ । दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी मोहनसिंह धामीले सूचना जारी गर्दै बुधबार बिहान ६ बजेसम्म महाकालीमा जलस्तर बढ्न सक्ने जानकारी दिए । व्यास गाउँपालिका-५ धौलाकोटदेखि लेकम गाउँपालिकाको लालीसम्म तटीय क्षेत्रमा खतरा हुने भएकाले सो क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउन आग्रह गरे ।

यस्तै, बैतडीका प्रमुख जिल्ला अधिकारी पूण्यविक्रम पौडेलले पनि महाकालीमा जलस्तर बढ्ने भएकाले तटीय क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउन आग्रह गरेका छन् । धौलीगंगाको बाँधको ढोका खोलेपछि दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर भएर बग्ने महाकाली नदीको तटीय क्षेत्रका बासिन्दालाई नदी छेउछाउमा नजान र सतर्कता अपनाउन आग्रह गरिएको छ । महाकालीमा पानीको बहाव बढेपछि महाकाली नदीमा रहेका पक्की पुलमा चार पाङ्ग्रे सवारीसाधन चलाउन रोक लगाइएको छ ।

यस्तै, सुनसरीस्थित सप्तकोशी नदीमा पानीको बहाव प्रतिसेकेण्ड एक लाख ९१ हजार २१० क्यूसेक मापन गरिएको छ । कोशी ब्यारेज भएर एक लाख ७५ हजार ६८५ क्यूसेक प्रतिसेकेण्ड पानीको बहाव रहेको सशस्त्र प्रहरी उपरीक्षक निर्मल थापाले जानकारी दिए । कोशी ब्यारेज भएर एक लाख ५० हजार भन्दामाथि पानीको बहाव भएपछि सर्वसाधारणलाई सचेत गर्न खतराको संकेत स्वरूप रातो बत्ती बाल्ने गरिएको छ । अविरल वर्षाका कारण पहिरो खसेर बैतडी-बभाङ जोड्ने जयपृथ्वी राजमार्ग अवरुद्ध बनेको छ भने तीन दिनदेखि निरन्तर वर्षाका कारण देशभरका नदीनालामा जल सहत बढेको छ ।

# लामो समयपछि वर्षा हुँदा तराई-मधेशमा धमाधम रोपाइा हुँदै

**काठमाडौं ।** लामो खडेरीपछि भएको वर्षाले मधेश प्रदेशका किसानलाई खुशी दिएको छ । लामो समयदेखि वर्षाको पर्खाइमा बसेका किसानलाई तीन दिनदेखि निरन्तर वर्षा हुँदा मधेस प्रदेशका किसानहरूले धान रोपाइँ सुरु गरेका हुन् ।

मधेस प्रदेशको कृषि विकास निर्देशनालयले पानीको अभावमा मधेस प्रदेशमा साउनको दोस्रो हप्तासम्म ५० प्रतिशत पनि धान रोपाइँ नभएकामा पानी परेपछि रोपाइँ ६३ प्रतिशत पुगेको जानकारी दिएको छ । वर्षापछि देशभरका आठवटै जिल्लामा धमाधम धान रोपाइँ भइरहेको निर्देशनालय वरिष्ठ बागवानी अधिकृत प्रदीप यादवले बताए । उनले बारा र पर्सामा धान रोपाइँ सकिएको पनि अन्य जिल्लामा धमाधम धान रोपाइँ चलिरहेको बताए ।

लामो समयपछि पानी परेपछि सुनसरीका इनरुवासिहत कोशी, भोक्राहा, हरिनगर, बराहक्षेत्र, देवानगञ्ज, बर्जु, गढी, दुहबी, रामधुनीलगायतका स्थानीयतहमा पानी नपर्दा धान रोपाइँमा सुरु भएको छ । शनिबारदेखि भएको वर्षाले किसानलाई ठूलो राहत मिलेको भोक्राहा नरसिंह गाउँपालिकाका किसान सुरेन्द्र उराँवले बताए । पानी भएपछि किसान रोपाइँमा जुटेको स्थानीय किसान बबलु खड्गाले बताए । वर्षा भएसँगै सुक्न थालेको रोपो र बीउ समेत जोगाउन मद्दत पुग्ने भन्दै किसानमा आशा पलाएको छ । कृषि ज्ञान केन्द्र इनरुवा सुनसरीका प्रमुख निलकमल सिंहले वर्षा भएपछि धान रोप्न नपाएका किसानले रोपाइँ सुरु गरेका छन्

# अविरल वर्षा र हावाहुरी : मकैबालीमा क्षति

**काठमाडौं ।** अविरल वर्षासँगै आएको हावाहुरीका कारण दाना लाग्ने बेलाको मकैबालीमा क्षति हुँदा भोजपुरका किसानलाई चिन्तित बनाएको छ । भरखर दाना लाग्दै गरेको कमैबाली हावाहुरीले सखाप पारेपछि किसान चिन्तामा परेका हुन् ।

भरखर दाना लाग्दै गरेको मकैबाली हावाले सोत्तर बनाएपछि भोजपुर नगरपालिका-५ किसान कमला थापाले बताइन् । फौजी किरा, बाँदरलगायत विभिन्न जंगली जनावरले समेत मकैबालीमा क्षति पुऱ्याउँदै आएको कृषकहरूको चिन्ता छ । रोग-किरा तथा जंगली जनावरबाट बचाएको मकै दाना लाग्ने बेलामा हावाले क्षति पुऱ्याउँदा स्थानीय किसानहरूलाई चिन्ताले सताउन थालेको उनले भनिन् 'मकैबाली क्षति पुग्दा हामी किसान चिन्ता परेका छौं ।' वर्षा र हावाहुरीले दाँवा, बोखिम, मझौले, चोलन्ती, गोगने, तिम्मा, श्यमाशिलालगायत जिल्लाको विभिन्न मकैबाली क्षति पुऱ्याएको छ ।

धानपछि जिल्लाको दोस्रो प्रमुख खाद्य बालीको मकैबालीमा विभिन्न कारणले क्षति पुऱ्याउँदै आएकाले उत्पादन घट्दै गएको भन्दै किसानहरूले चिन्ता व्यक्त गरेका छन् । नौवटै स्थानीय तहमा हुँदै आएको मकैबाली हरेक वर्ष घट्दै जाने गरेको स्थानीयले बताए ।

# तीन भारतीय नागरिक पेस्तोलसहित सिरहाबाट पक्राउ

**काठमाडौं ।** प्रहरीको नियमित चाँचका क्रममा सिरहाको नरहा गाउँपालिका-३ स्थित चोहर्वा-सिराहा सडकखण्डबाट नलकटुवा पेस्तोलसहित तीन जना भारतीय नागरिक पक्राउ परेका छन् ।
भारतको विहार राज्य, मधुवनी जिल्लाको बेलही पञ्चायत-३ निवासी ओमशङ्कर यादव, ऋषिनाथ मण्डल र आकाशकुमार मण्डललाई जिल्ला प्रहरी कार्यालय सिरहाले मंगलबार अपराह्न पक्राउ गरेको हो । एकै मोटरसाइकलमा सवार ती भारतीयहरूले लुकाइछिपाइ राखेको नलकटुवा पेस्तोल चेकजाँचका क्रममा फेला परेको थियो ।

इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी नायव उपरीक्षक राजेशराज पुरीको नेतृत्वमा खटिएको टोलीले शंका लागेर मोटरसाइकल रोकेर जाँच गर्दा लुकाइछिपाइ राखिएको अवस्थामा उक्त पेस्तोल फेला पारिएको थियो ।

पक्राउ परेका तीनैजनालाई मिर्चैया प्रहरी कार्यालयमा राखेर अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक वीरेन्द्र पासवानले जानकारी दिए । उनीहरूलाई सिरहा जिल्ला अदालतमा उपस्थित गराई हातहतियार तथा खरखजाना सम्बन्धी मुद्दामा म्याद थप गरि अनुसन्धानका अगाडि बढाइने प्रनाउ पासवानले जानकारी दिए ।

# नेपाल-चीन दौत्य सम्बन्ध ७०औं वर्षमा

**काठमाडौं ।** नेपाल-चीन कूटनीतिक सम्बन्ध ७०औं वर्षमा प्रवेश गरेको छ । सो अवसरमा काठमाडौं र बेइजिङमा विविध कार्यक्रम आयोजना गरेर कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वार्षिकोत्सव मनाइएको हो ।

अनौपचारिक रूपमा तिब्बतका राजा स्रोङ्चन गम्पोसँग राजकुमारी भृकुटीको विवाहपछि प्रारम्भ भएको ऐतिहासिक सम्बन्ध आधुनिक युगमा अझ फाङ्गिदै गएको छ । सन् १९४९ मा स्थापना भएको चीनसँग १ अगष्ट १९५५ मा कूटनीतिक सम्बन्ध कायम भएको हो ।

शान्तिपूर्ण सहअस्तित्व, पारस्परिक सहयोग, भौगोलिक अखण्डता, सम्प्रभूताको सम्मान र अहस्तक्षेपलगायत पञ्चशीलका सिद्धान्तमा आधारित नेपाल-चीन सम्बन्धलाई दुवै मुलुकले उच्च प्राथमिकता दिएका तथा यसलाई अझ सुद्ढ तुल्याउन दुवै देशका शीर्ष नेतृत्व क्रियाशील रहेका चीनका लागि नेपालका पूर्वराजदूत राजेश्वर आचार्यले बताए ।

राष्ट्रसंघीय सुरक्षा परिषदको स्थायी सदस्य चीनले विश्व राजनीतिमा निर्णायक भूमिका निर्वाह गर्दै आएको, विधिमा आधारित प्रभावकारी विश्व शासन प्रणाली, अन्तरराष्ट्रिय शान्तिसुरक्षा, साझा भविष्य निर्माणका निम्ति सहकार्य र साझेदारीमा जोड दिएको उनले जानकारी दिए । विश्वशक्ति राष्ट्र बनेको चीनले हासिल गरेको विकासबाट अधिकभन्दा अधिक लाभ लिएर मुलुकलाई समृद्धिको दिशातर्फ अग्रसर गराउनुपर्ने पूर्वराजदूत आचार्यको सुझाव छ ।

# विभिन्न कार्यक्रमका साथ देशभर मनाइयो कोदो दिवस

**काठमाडौं ।** देशभर विभिन्न कार्यक्रमको आयोजना गरी 'कोदो दिवस-२०८२' मनाइएको छ । कोदोको महत्वलाई राष्ट्रियस्तरमा स्थापित गर्न सरकारले यस वर्षदेखि साउन १६ लाई राष्ट्रिय कोदो दिवसका रूपमा मनाउने घोषणा गरेको हो ।

राष्ट्रिय कोदो दिवसका अवसरमा भक्तपुरको चाँगुनारायण नगरपालिका-९ ताथलीमा भव्य रूपमा कोदो रोपेर दिवस मनाइएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालय, चाँगुनारायण नगरपालिका, संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ), राष्ट्रिय कृषक समूह महासंघ नेपाल र एसोसिएसन अफ नेपाली एग्रिकल्चरल जर्नलिस्ट्स (अनाज)को संयुक्त पहलमा कार्यक्रम आयोजना गरिएको हो । समारोह कृषि विभागका महानिर्देशक तथा कोदो दिवस मूल समारोह समितिका अध्यक्ष प्रकाशकुमार सञ्जेलको अध्यक्षतामा, कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा एफएओ नेपालका प्रमुख केन सिमिजु, कृषि सचिवद्वय गोविन्द शर्मा र दीपक खराल, नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का कार्यकारी निर्देशक डा कृष्णप्रसाद तिम्सिना, चाँगुनारायण नगरपालिकाका नगरप्रमुख जीवन खत्री, किसान नेता विजय लामा, कृषि विज्ञ, पत्रकार तथा सयौं स्थानीय कृषकको उपस्थिति थियो । कार्यक्रममा मन्त्री अधिकारीले स्वस्थ रहनका लागि हरेक नेपालीले दैनिक एक छाक कोदोको परिकार खानुपर्ने बताए । 'हामी अहिले उपचार गर्न सक्छौं, तर हाम्रो भविष्यको सन्तति रोगी भएर जन्मिन सक्छन्' उनले भने 'त्यसैले एक छाक कोदोको परिकार भान्सामा समावेश गर्नु स्वस्थ जीवनको सुनिश्चितता हो ।'

कोदो खेतीलाई आयआर्जनसँग जोड्न सकिने चर्चा गर्दै मन्त्री अधिकारीले यसको प्रवर्द्धनमा किसान, नीति निर्माता र सरोकारवाला एकजुट हुनुपर्ने धारणा व्यक्त गरे । अध्यक्ष सञ्जेलले सरकारले कोदोलाई रणनीतिक बालीका रूपमा प्राथमिकता दिँदै दिवसको घोषणा गरेको बताए । उनले कोदो प्रवर्द्धनमा सक्रिय भूमिका खेलेकोमा अनाज र राष्ट्रिय कृषक समूह महासंघलाई धन्यवाद दिए । रैथाने बाली विज्ञ तथा मन्त्रालयका सह-सचिव डा रामकृष्ण श्रेष्ठले कोदोलाई जलवायु परिवर्तन-अनुकूल टिकाउ बालीका रूपमा प्रवर्द्धन गर्नु सरकारको ऐतिहासिक र दूरदर्शी निर्णय भएको बताए । कोदो खाद्य सुरक्षाको आधार, पोषणको स्रोत र पर्यावरणमैत्री खेतीका हिसाबले पनि विशेष महत्व राख्ने उनको कथन थियो ।

कृषि सचिव शर्माले कोदोलाई हेपिएको बालीका रूपमा लिने मानसिकता रहेको भए पनि पछिल्लो समय यसको पोषणीय, पर्यावरणीय र आर्थिक मूल्यबारे जनचेतना बढ्दै गएको बताए । चाँगुनारायण नगरपालिकाका नगरप्रमुख जीवन खत्रीले पहिलो राष्ट्रिय कोदो दिवस आफ्नो नगरमा आयोजना हुनु गौरवको विषय भएको उल्लेख गर्दै कोदोजस्ता परम्परागत बालीलाई नगरस्तरबाटै प्राथमिकता दिइने प्रतिबद्धता जनाए । कार्यक्रममा नार्कका कार्यकारी निर्देशक डा तिम्सिनाले कोदोको माग दिनप्रतिदिन बढिरहेको जनाउँदै बालीचक्रमा कोदोलाई समावेश गर्दै जानुपर्ने आवश्यकतामा जोड दिए ।

यस्तै, एफएओ नेपाल तथा भुटानका प्रमुख केन शिमिजुले कोदो बाली प्रवर्द्धनका लागि एफएओको सहयोग निरन्तर जारी रहेको बताए । कुनै समय गरिबको खाना भनेर होच्च्याइएको बहुगुणी कोदोबाट बन्ने परिकारको सहरबजारमा माग बढ्न थालेको छ । कोदोबाट ढिँडो, रोटी, सातु, लिटो, खोले, पुवालगायत र पोषणयुक्त परिकार बनाइन्छ । पछिल्लो समय देशको चौथो मुख्य बाली कोदोखेती गर्न पहाडी र तराई क्षेत्रका किसानले खासै महत्व दिएको देखिँदैन । राष्ट्रिय कोदो दिवसका अवसरमा कास्कीको माछापुच्छ्रे गाउँपालिका-४ लाहाचोकमा प्रथम कोदो रोपाइँ महोत्सव गरिएको छ । नेपाल उद्योग तथा व्यवसायी महासङ्घ गण्डकी प्रदेश/कास्की जिल्ला/माछापुच्छ्रे गाउँपालिकाको आयोजनामा प्रथम कोदो महोत्सव गरिएको हो ।

यस्तै सुर्खेतको वीरेन्द्र नगरपालिका-१२ नेवारेस्थित मानवसेवा आश्रमलाई कोदो उपहार दिएर 'प्रथम राष्ट्रिय कोदो दिवस' मनाइएको छ । मानव सेवा आश्रम कर्णाली प्रदेशका संयोजक संगीता गौतमले प्रदेश सरकारले दिवसलाई मानव सेवासँग जोडेर कार्यक्रम गरेकामा धन्यवाद ज्ञापन गरिन् । कृषि मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालमा दुई लाख २४ हजार ९३५ हेक्टर क्षेत्रफलमा कोदो खेती गरी तीन लाख ७३२ मेट्रिकटन उत्पादन भएको छ ।

## नेतृत्वको विकल्प...

समितिका अधिकांश सदस्यले तत्काल नेतृत्वको विकल्प खोज्ने बेला नै नभएको धारणा राख्नुभयो,' बैठकमा भएका छलफलहरूबारे सञ्चारकर्मीहरूलाई जानकारी गराउँदै प्रवक्ता सापकोटाले भने- 'पार्टी उपमहासचिव जनार्दन शर्माले पनि नेतृत्वका सम्बन्धमा खासै कुरा गर्नुभएन; सबैले नेतृत्वलाई सबल र सुदृढ पार्नुपर्छ भन्नुभएको छ।'

आइतबारसम्म स्थायी समितिको बैठकमा धेरैजसो स्थायी सदस्य र पदाधिकारीले धारणा राखिसकेका थिए। सोमबार महासचिव, वरिष्ठ उपाध्यक्ष र अध्यक्ष धारणा राखेपछि बैठक सम्पन्न भएको हो। पार्टीभित्र गुट-उपगुटबारे अनुगमन गर्न तल्ला कमिटीसम्म विभिन्न समिति बनाउने निर्णय भएको समेत प्रवक्ता सापकोटाले जानकारी दिए। 'बैठकले पार्टीको शुद्धीकरण र रूपान्तरणको क्षेत्रमा धेरै महत्वपूर्ण निर्णय गरेको छ'- उनले भने। पार्टीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न आचारसंहिता र नियमावली निर्माण गर्ने तथा पार्टीलाई विधि, पद्धति र प्रक्रियामा सञ्चालन गर्ने निर्णय भएको समेत उनले जानकारी दिए।

उपमहासचिव जनार्दन शर्माले स्थायी समितिको निर्णयलाई महसुस गरेको जानकारी दिँदै बैठकको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न समेत शर्मा सहमत भएको सापकोटाले बताए। बैठकले दसैं र तिहारको बीचमा केन्द्रीय समितिको बैठक आह्वान गर्ने र पोखरा पुगेर रोकिएको मध्यपहाडी लोकमार्ग केन्द्रित अभियानलाई भदौ १५ देखि निरन्तरता दिएर ताप्लेजुङसम्म पुऱ्याउने निर्णय भएको पनि प्रवक्ता सापकोटाले बताए।

स्थायी समितिको यस बैठकले विप्लव नेतृत्वको नेकपासँग एकता एकता गर्ने समेत निर्णय गरेको छ। 'दुवै पार्टीले एकता गर्ने निर्णय गरिसकेका छन्, अब छिट्टै एकता हुन्छ,' प्रवक्ता सापकोटाले भने- 'अन्य माओवादी धारसँग पनि एकताको प्रयास भइरहेको छ।'

## बहुविवाह खोल्ने...

नहुनु दुःखद् भएको उनले बताइन्। राजनीतिक दलका महिला संगठनहरूले बहुविवाहलाई छुट दिनेगरी कुनै पनि कानुन नबनाउन सरकारसँग माग गरेका छन्।

अखिल नेपाल महिला संघका कावा अध्यक्ष मेनका पोखेल, अखिल नेपाल महिला संघ (क्रान्तिकारी) की अध्यक्ष अमृता थापा, अखिल नेपाल महिला संघकी अध्यक्ष मीना पुन, अखिल नेपाल महिला संघ, क्रान्तिकारीकी अध्यक्ष बन्धु चन्द, अखिल नेपाल महिला संघ (समाजवादी) कीमहासचिव राजेन्द्रलक्ष्मी गैरे र क्रान्तिकारी महिला संघ नेपालका सहसंयोजक शारदा महतले संयुक्त रूपमा एक प्रेस विज्ञप्ति जारी गर्दै सो माग गरेका हुन्।

'महिलाविरुद्ध ल्याउन लागिएको प्रतिगामी कानुनप्रति नेपालका महिला संगठनहरूको गम्भीर ध्यानाकर्षण भएको छ, यस प्रकारको संशोधन महिलालाई स्वीकार्य हुँदैन' संयुक्त विज्ञप्तिमा उल्लेख गरिएको छ 'नेपालको संविधान २०७२ को मर्मअनुसार नभएको विभेदपूर्ण कानुन नल्याउन सरकारसँग जोडदार माग गर्दछौं, अन्यथा, हामी संघर्षमा जान बाध्य हुनेछौं'।'यसअघि नै बहुविवाहलाई मान्यता दिने मस्यौदाप्रति दलित महिला संघ (फेडो) ले सरकारले बहुविवाहलाई निश्चित परिस्थितिमा कानुनी मान्यता दिने मस्यौदा ल्याउन लागेको प्रति आपत्ति जनाएको छ।

मुलुकी अपराधसंहिता लागू भएको दिन २०७५ भदौ १ देखि पूर्णतः निषेध गरिएको बहुविवाहलाई निश्चित परिस्थितिमा छुट दिनेगरी सरकारले कानुन ल्याउन लागेको भन्दै सो कदम तत्काल रोक्न र यस्तो कार्यको अगुवाइ गर्नेलाई कारबाही गर्न फेडोले माग गरेको छ। नेपालमा बहुविवाह अपराध हो भन्ने स्पष्ट कानुनी व्यवस्था रहँदै आएको सन्दर्भमा सरकारको यो कदम नेपालको संविधान, लैङ्गिक समानता, महिला अधिकार तथा मानवअधिकारको मूल भावना विपरीत रहेको फेडोको महासचिव रेणु सिजापतिले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

'पारिवारिक सम्बन्ध, सामाजिक न्यायमा यस्ता कानुनी प्रावधानले पार्ने प्रभावको आँकलन नगरी कानुन निर्माण गर्ने प्रयास आफैंमा गलत धारणा र पितृसत्तात्मक सोच हाबी भएको देखिन्छ' विज्ञप्तिमा भनिएको छ।


## कोरोनाबाट बच्ने उपाय

- नियमितरूपमा साबुन-पानीले हात धोऔं,
- सङ्क्रमित वा शंकास्पद व्यक्तिको सम्पर्कबाट टाढा रहौं,
- रूघाखोकी लागेका व्यक्तिको नजिक वा सामुन्नेमा नबसौं,
- अनावश्यकरूपमा आँखा, मुख तथा नाकमा बारम्बार नछोऔं,
- भीडभाडमा नजाऔं र जाने परे मास्क लगाएर जाऔं,
- बारम्बार प्रयोगमा आउने सामग्री- फोन, कलम, चस्मा, रूमालको सरसफाइमा ध्यान दिऔं,
- खोक्दा वा हाच्छ्युँ गर्दा पाखुराले वा रूमालले नाकमुख छोपौं,
- खोप अनिवार्यरूपमा लगाऔं,
- कोरोनाको लक्षण देखिएमा तुरुन्त परीक्षण गराऔं र आइसोलेसनमा बसौं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# भारतको उत्तराखण्डमा बाढी : जाजरकोट, जुम्ला, बर्दिया र धादिङका २२ मजदुर बेपत्ता, कयौं घाइते

**काठमाडौं।** भारतको उत्तराखण्ड राज्यअन्तर्गत उत्तरकाशीको हर्सिल क्षेत्रमा मंगलबार र बुधबार आएको बाढीमा चपेटामा परेर जाजरकोट, जुम्ला,बर्दिया र धादिङका गरी २२ जना मजदुर बेपत्ता हुनुका साथै कयौं घाइते भएका छन्। सो बाढीमा परेर कुशे गाउँपालिका-२ का १३ जना बेपत्ता भएका हुन्।

जाजरकोटस्थित कुशे गाउँपालिकाका अध्यक्ष हरिचन्द्र बस्नेतले एक विज्ञप्ति जारी गर्दै भारतमा मजदुरी गर्न गएका स्थानीय बासिन्दा बाढीपछि सम्पर्कमा नआएको बताए। 'बाढीपछि बेपत्ता भएकाहरू हालसम्म सम्पर्कमा आएका छैनन्, उहाँहरूसित सम्पर्क हुन नसकेको परिवारजनले बताएका छन्' विज्ञप्तिमा भनिएको छ। रोजगारीको खोजीमा विदेशी भूमिमा रहेका आफ्ना नागरिकको खोजी गरिदिन गाउँपालिकाका अध्यक्ष बस्नेतले परराष्ट्र मन्त्रालयसँग अनुरोध गरेका छन्। सोही क्षेत्रमा मजदुरी गर्दै आएका कुशे गाउँपालिकाका अन्य वडाका बासिन्दा पनि सम्पर्कमा नरहेको अध्यक्ष बस्नेतले जानकारी गराए।

जाजरकोटका प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीले बाढीमा परेर स्थानीय केही व्यक्ति बेपत्ता भएको कुशे गाउँपालिकाले जानकारी दिएको बताए। 'जिल्लाका सबै स्थानीय तह र त्यहाँ रहेका प्रहरी चौकीलाई पत्राचार गरेर हर्सिल क्षेत्रमा काम गर्न गएका जाजरकोटबासीको नाम संकलन गर्न निर्देशन दिएको छु' उनले भने 'गृहमन्त्रालयमा समेत सोही अनुसारको जानकारी गराएको छु।'

यसैगरी, बर्दियाका ५ जना मजदुर समेत भारतको उत्तराखण्ड राज्यको बाढीपहिरोपछि सम्पर्कविहीन भएका छन्। मंगलबार 'क्लाउड बर्स्ट' (आरिघोप्टे वर्षा)का कारण उत्तरकाशी जिल्लाको धराली बजारमा बाढी आएको थियो भने बुधबार पौडी गढवालमा पहिरो गएको थियो। नेपालीहरू यी दुवै घटनामा परेको अनुमान गर्दै स्थानीय तहहरूले सहयोगका लागि नेपाल सरकारलाई आग्रह गरेका छन्। जाजरकोटस्थित कुशे गाउँपालिका-२ का मात्रै होइन त्यहाँ पुगेका अन्य वडाका मानिस समेत हराएको शंका गरिएको गाउँपालिकाका अध्यक्ष हरिचन्द्र बस्नेतले बताए।

कुशे गाउँपालिका- २ टालेगाउँका कर्णबहादुर सिंह, रामबहादुर सिंह, मानबहादुर सिंह, निम सिंह, रविन सिंहको मृत्यु भएको मानबहादुर सिंहका छोरा नवीनले जानकारी गराए। बुबासँगै काम गर्न गएका २१ वर्षीय नवीनसँगै सोही वडाका अनुमानित २० जना काम गर्दै आएका जानकारी दिएको वडाध्यक्ष मानबहादुर सिंहले बताए। जुम्लाको तिला गाउँपालिकाका जनकबहादुर शाही र रुकुम घर भएका नाम नखुलेका अर्का एक जना पनि बाढीपछि सम्पर्कविहीन रहेको आफूले जानकारी पाएको अध्यक्ष बस्नेतले बताए। 'नविनले वडाध्यक्षलाई मेसेन्जरमा भ्वाइस मेसेज छाडेको रहेछ। त्यसैका आधारमा प्रशासनलाई जानकारी गराएको छु। नवीनसँग सम्पर्क हुन सकिरहेको छैन'- उनले भने।

दिल्लीस्थित नेपाली दूतावासका कन्सुलर प्रकाश मल्लले उत्तरकाशीको घटनामा नेपाली हराएको विषयमा भारतीय प्रहरीबाट औपचारिक जानकारी प्राप्त नभएको बताए। 'धराली घटनामा २ सय ७४ जनाको उद्धार भएको छ। तर उनीहरू सबैको पहिचान भइसकेको छैन' उनले भने '४ जनाको शव भेटिए पनि ती सबै भारतीय नागरिक रहेको जानकारीमा आएको छ।'

यस्तै, उत्तराखण्डको पौडी गढवालस्थित ग्राम बाकुडाबाट करिब १ किमि टाढा मधेरा खटौलानजिक बुधबार बिहान खसेको पहिरोमा परी ५ जना नेपाली बेपत्ता भएका छन्। सडक निर्माणको काममा गएका नेपाली कामदार खोला किनारमा टेन्ट हालेर बस्दै आएका बर्दिया मधुवन नगरपालिका-६ गाउँ नम्बर ४ का एकै परिवारका तीन, मधुवन-५ गाउँ नम्बर ८ का एक र मधुवनकै वडा नखुलेका एक जना छन्। पहिरोमा परी मधुवन-६ काा ३९ वर्षीय नरेन्द्र खड्का, उनकी ३० वर्षीया श्रीमती सरस्वती र २ वर्षीय छोरा रोमन बेपत्ता भएको नरेन्द्रका काका उद्धव खड्काले बताए। गाउँ नम्बर ८ का ४५ वर्षीय रामु परियारकी श्रीमती अमृता र मधुवनकै २१ वर्षीय सुवास विक पनि पहिरोमा बेपत्ता भएका छन्।

गाउँबाट मजदुरलाई भारत पुऱ्याउन समन्वय गरेका चित्रबहादुर पौडेल पनि त्यहीँ छन्। नेपाली कामदारहरू सिन्धु खोला किनारमा १०/१२ वटा टेन्ट राखेर बसिरहेका थिए। खोलाले हेर्दाहेर्दै पहिरोले टेन्टसहित मान्छे समेत बगाएर तल पुऱ्याएको जानकारी दिँदै पौडेलले त्यसपछि केही पत्ता नलागेको बताए। पौडी गढवालमा बर्दियाका ७३ जना नेपाली मजदुर कार्यरत थिए। पटक-पटक गरी ती समूह बनाएर बर्दियाबाट ती मजदुरलाई त्यहाँ पुऱ्याउने पौडेलले बेपत्ता भएका पाँच जनाबाहेक सबै सम्पर्कमै रहेको जानकारी दिए। गढवालमा सडक निर्माणमा मजदुरी गरिरहेका एक्ला छोरा नरेन्द्रसहित बुहारी र नाति बेपत्ता भएको खबरले घरपरिवार चिन्तामा परेको छ।

सासूससुरा नयाँ वर्ष मनाएर गएको बैशाखमा पौडी गलवालतर्फ लागेको स्मरण गर्दै विमला राजीले सासू बेपत्ता भएको सूचना पाएको बताइन्। विमलाको श्रीमान भने भारतकै लद्दाखमा काम मजदुरी गर्न गएका छन्। सोही घटनामा घाइते भएका मधुवन-८ की लक्ष्मी परियार र मधुवन-७ का भुपेन्द्र खत्रीको हल्द्वानीस्थित सुशीला तिवारी अस्पतालमा उपचार भइरहेको पनि पौडेलले बताए।

नयाँदिल्लीस्थित नेपाली दूतावासका कन्सुलर प्रकाश मल्लले पौडी गढवालको घटनामा ५ जना नेपाली बेपत्ता भएको र केही घाइते रहेको जानकारी दिए। घाइतेमध्ये बर्दियाकै विमल विक, गोपाल गुरुङ, रामबहादुर परियार, लक्ष्मी परियार तथा केही नाम नखुलेका नेपाली रहेको जानकारी भारतीय अधिकारीबाट पाएको उनले बताए। उक्त घटनामा जाजरकोट जिल्लास्थित कुशे गाउँपालिकाका स्थानीय कर्णबहादुर, रामबहादुर, मानबहादुर, निम, रविन सिंह र नाम र ठेगाना नखुलेका थप ७ जना बेपत्ता भएका छन् भने जुम्ला तिला गाउँपालिकाका स्थानीय जनकबहादुर शाही र बर्दिया जिल्लास्थित मधुवन नगरपालिकाका नरेन्द्र, सरस्वती, रोमन खड्का र अमृता परियार एवं सुवास विक बेपत्ता भएका छन्।

उत्तराखण्डमा मजदुरी गर्न गएका धादिङ जिल्लास्थित ज्वालामुखी गाउँपालिका-२ का ४ जना बेपत्ता भएका छन्। धादिङका प्रमुख जिल्ला अधिकारी सुमन घिमिरेले ज्वालामुखी-२ काफलपानीका सिंहबहादुर तामाङ, लालबहादुर तामाङ, छोलामा तामाङ र फेलामा तामाङ सम्पर्कविहीन बनेको जानकारी दिए।

प्रजिख घिमिरेका अनुसार उनीहरू उत्तरकाशीको धराली आसपासमा काम गर्न पुगेका थिए। गृहमन्त्रालयमार्फत नयाँदिल्लीस्थित दूतावासलाई अनुरोध गरिएको समेत प्रजिअ घिमिरेले बताए। वडाध्यक्ष राजु लोप्पाले सम्पर्कविहीन भएका बताइएकामध्ये केहीले परिवारलाई बाढीपहिरोको भिडियो समेत पठाएका जानकारी दिए। वडा सदस्य धनबहादुर तामाङले काम गर्न गएका व्यक्तिहरूले बाढीपहिरो जानुभन्दा केही समय अघिसम्म परिवारको सम्पर्कमा रहेको बताए। मंगलबार भारतको उत्तराखण्डस्थित उत्तरकाशी जिल्लामा पर्ने धराली बजार 'क्लाउड ब्रस्ट'पछि आएको बाढीले तहसनहस भएको छ।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं